
# लेखापरीक्षण प्रतिवेदन

# मंगलसेन नगरपालिका, अछाम

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मंगलसेन नगरपालिका, अछाम

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/248

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
मंगलसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मंगलसेन, अछाम।

**कैफियतसहितको राय।**

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. आर्थिक कार्यप्रणालीको लेखाङ्कनगर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु. १५ करोड १३ लाख १७ हजार, गरिवसँग विश्वेश्वर रु.७० लाख ६हजार एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१४ लाख शिक्षा विज्ञान तथा संस्कृती मन्त्रालय २ लाख ८२ हजार राष्ट्रपति महिला सशक्तिकरण २लाख समेत गरी रु.१५ करोड ३९ लाख ५ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.१ अर्व ४४ करोड १९ लाख २० हजारको लेखापरीक्षण गरी रू.१ करोड ६३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलव्ध गराएपछि रु.४ लाख १८ हजार प्रतिक्रियाबाट फस्यौंट भई रु ९६ लाख ४५ हजार (०.६७ प्रतिशत) बाँकी रहेको छ । उक्त बाँकी वेरुजुमध्ये असुल गर्नुपर्ने रू. ७८ लाख १९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु. ११ लाख ५४ हजार रहेको छ। गत वर्षसम्म रु.९ करोड ८० लाख ५० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.

१० करोड ६५ लाख ६३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामावित्तीय विवरण तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरकार्यपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्नसक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४१ | १५२ | १,००,६३,३३३ | ० | २४ | ४,१८,०६५ | ० | ४१ | १२८ | ९६,४५,२६८ | ७८,१८,५८८ | ११,५४,५०६ | ६,७२,१७४ | ० | ० | १८,२६,६८० | ० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अछाम | ९,८०,५०,००० | | ११,३१,९७० | ९६९१८०३० | 0 | ९६,४५,२६८ | १०६५६३२९८ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३२ | असुली गर्न बाँकी आन्तरिक आय | ८६,३०० |
| २ | २०७९/८० | ३६ | पेश्की | १०,४५,६७० |
| ३ | २०८०/८१ | ३१ | दोहोरो भत्ता | २२,००० |
| ४ | २०८०/८१ | २० | जीवन बीमा | १,००,००० |
| ५ | २०८०/८१ | ५३ | इम्प्लान्ट तालिम | ३२,१५० |
| ६ | २०८०/८१ | ५० | बढी निकासा | १,०१,७०१ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | २८ | पदाधिकारीको बीमा | १,३८,८८९ |
| ८ | २०८०/८१ | ४१ | लगत कट्टा | २३,३२५ |
| जम्मा | | | | १५,५०,०३५ |

# (८०७७२४०३३०० - मंगलसेन नगरपालिका, अछाम )

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या १४, पालिका सभा सदस्य ७२, जनसंख्या २६ हजार ५५७ जना र क्षेत्रफल २०२.१४ वर्ग किलोमिटर रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।६ देखि २०८१।५।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेस भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा सुचनामा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रू.१ अर्व ४४ करोड १९ लाख,१९ हजाको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३५९८३ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
| --- | --- | --- |
| १ | मिति २०८१।५।१८ मा भौचर नं. ६८९०६९६७ बाट ४ जनाको रु २९७२२ र मिति २०८१।५।१९ मा भौचर नं. ६८९९७५२२ बाट १ जनाको रु ६२६१ समेत रु ३५९८३ बढी निकासा भएको सामाजिक सुरक्षा वापतको रकम असुल भई दाखिला | ३५९८३ |

२ **वित्तीय विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम यस पालकाले वित्तीय हस्तान्तरणवाट प्राप्त अनुदान तथा साहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारवाट सञ्चालन भएको आयोजनाहरू समेतको आय व्यय हिसावको आर्थिक वर्ष २०८०।८१ को समग्र सञ्चित कोषको अवस्था निम्नानुसार रहेको छ।

| सि.नं | आयतर्फ | | सि.नं | व्यायतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | ४२५८९७८८८ |
| | क) बैंक | ५५०७९५५३ | २ | **पूँजीगत खर्च** | १०००१२९३५ |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | ० |
| | क) आन्तरिक राजस्व | ८२६७७७१ | ४ | **लगानी** | ० |
| | ख) राजस्व बाँडफाँड | १०५९३४२२१ | ५ | **धरौटी फिर्ता** | ६९६४१३ |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ६ | **शसर्त अनुदान फिर्ता** | २९७९६५७९ |
| | क) वित्तिय समानीकरण अनुदान | १०००६८००० | ७ | **अन्तर स्थानीय तहबाट प्राप्त** | |
| | ख) सशर्त अनुदान | ३०५२७०००० | | क) सामाजिक सुरक्षा | १५१३१७२०२ |
| | ग) समपुरक अनुदान | ५५००००० | | ख) गरिवसँग विश्वेश्वर | ७०६१३३ |
| | घ) विशेषअनुदान | ० | | ग) स्वास्थ्य क्षेत्र सुधार | १४००००० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | घ) शिक्षाविज्ञान तथा प्रविधि मन्त्रालय | २८२५२२ |
| | क) वित्तिय समानीकरण अनुदान | ८९७९००० | | ङ)राष्ट्रपति महिला सशक्तीकरण | २००००० |
| | ख) सशर्त अनुदान | ५५००००० | ८ | **अन्य कोषहरु** | |
| | ग) विशेषअनुदान | ५१००००० | | क) सेफहाउस अनुदान | १४४४११५ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ख) सडक बोर्ड नेपाल | १२५९३६२० |
| | क) सामाजिक सुरक्षा | १५१३१७२०२ | | ग) मानसिकपरामर्श केन्द्र | १६१२०१२ |
| | ख) गरिवसँग विश्वेश्वर | ७०६१३३ | | घ) सुचनाप्रविधि अधिकृत पारिश्रमिक | ३२४४१४ |
| | ग) स्वास्थ्य क्षेत्र सुधार | १४००००० | | ङ) प्रकोप व्यवस्थापन कोष | ० |
| | घ) शिक्षाविज्ञान तथा प्रविधि मन्त्रालय | २८२५२२ | | | |
| | ङ)राष्ट्रपति महिला सशक्तीकरण | २००००० | | | |
| ६ | **अन्य कोषहरु** | | ९ | **मौज्दात** | |
| | क) सेफहाउस अनुदान | १४५७३८९ | | क) संचितकोष बैंक मौज्दात | ३०४००६०८ |
| | ख) सडक बोर्ड नेपाल | ११७६४९५२ | | ख) धरौटी मौज्दात | ५४१८२८३ |
| | ग) मानसिकपरामर्श केन्द्र | १६४४३०० | | ग) विविध कोष खाताको मौज्दात | ७३५६०८१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | घ) सुचनाप्रविधि अधिकृत पारिश्रमिक | ३८१००० | | घ) प्रकोप व्यवस्थपन कोष | ८१४२१५ |
| | ङ) प्रकोष व्यवस्थापन कोष | ७००००० | | ग) विविध खर्च खाताको मौज्दात | ४४२४८६ |
| ७ | **धरौटी आय** | ११६३४६३ | | | |
| | **जम्मा** | ७७०७१५५०७ | | **जम्मा** | ७७०७१५५०७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आयको हिसाब भिडान**

स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली(सुत्र)मा पालिकाको आन्तरिक आम्दानीको लागि आय मोड्ुलमा सबै प्रकारका आम्दानी समावेश गर्नु तथा आन्तरिक आम्दानी खाता र विभाज्य कोष खातामा दाखिला हुने रकमको हिसाब समायोजन गर्न समेत सहज हुने गरी उक्त मोड्ुल विकास गरी स्थानीय तहमा अनिवार्य प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त मोड्ुलको प्रयोग २०८०।५।१८ देखि गरेको देखिन्छ । सुत्रले तयार गरेको राजस्वको शिर्षकगत विवरण अनुसार पालिकाले यो वर्ष रू.१०७९०७६४.३२आम्दानी गरेको देखाएकोमा बैकस्टेटमेन्ट अनुसार रू.७९९०७७१ मात्र आय प्राप्त भएको देखिएकोले सुत्र र बैक स्टेटमेन्ट बीच रू.२७९९९९३.३२ फरक देखिएको छ । पालिकाले २०८०।५। १७ गते सम्म साङ्ग्रीला सफ्टवेयर प्रयोग गरी रू.१७७००९३.०७ आय संकलन गरेकोमा २०८०।५।१८ देखि २०८०।९।२५ सम्म साङ्ग्रीला र सुत्र दुवै प्रणालीबाट तथा २०८०।९।२६ देखि २०८१ असार मसान्त सम्म सुत्रको मात्र प्रयोग गरी आय संकलन गरेको देखियो । पालिकाले पेस गरेको विवरण अनुसार २०८०।७।२३ सम्म साङ्ग्रीला सफ्टवेयरबाट रू.३०१८७६८.९७ मात्र आम्दानी भएकोमा सुत्रमा गोभौ ६७ मिति २०८०।७।२३ बाट साङ्ग्रीला सफ्टवेयरबाट भएको आम्दानी भौचरको हिसाब मिलान उल्लेख गरी रू.३२५१८८७.४२ दोहोरो आम्दानी बाँधेको देखिन्छ। पालिकाले सुत्रको सम्पत्ती कर मोड्ुलमा सबै विवरण प्रविष्टी गर्न नसकेको कारण २०८०।८१ को आर्थिक वर्ष भरि साङ्ग्रीला सफ्टवेयरको प्रयोग गरी सम्पत्ती करमात्र रू.१३१८४७४.७५ असुल गरी सुत्रमा एकमुष्ट आम्दानी बाँध्ने गरेको जनाएकोमा सुत्रले तयार गरेको प्रतिवेदनमा रू.२०६४०९७.७२ देखाएकोले रू.७४५६२२.९७ फरक देखिएको छ । साथै राजस्व खाताको बैक स्टेटमेन्ट तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार यस वर्ष कुल आम्दानी रू.७९९०७७१ मात्र देखाएको छ । जसअनुसार पालिकाले एकै समयमा सुत्र तथा साङ्ग्रिला सफ्टवेयरको प्रयोग गरेको, साङ्ग्रीला तथा सुत्रको विवरण एक अर्कोसँग भिडान नभएको देखिएकोले पालिकाले तालुक नियकायसँग समन्वय गरी फरक परेको हिसाब भिडान गर्नु पर्दछ । साथै सुत्र प्रणालीमा सिधै प्राप्त रकम र साङ्ग्रीला सफ्टवेयर प्रणाली मार्फत प्राप्त रकमको विवरण तयार गरी सवै आम्दानी सुत्र प्रणालीमा समावेश भएको सुनिश्चित गर्नुपर्दछ ।

४ **क्षेत्र गत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र गत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । यस पालिकाको २०८०।८१ को क्षेत्र गत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।पालिकाले उल्लिखित क्षेत्रमा बजेट विनियोजन गरी खर्च गरेको अवस्थालाई विश्लेषण गर्दा पालिकाको विकास निर्माण हुने प्रमुख क्षेत्र पूर्वाधार क्षेत्रमा रू.६ करोड ६४ लाख ८५ हजार बजेट विनियोजन गरेकोमा रू.५ करोड २२ लाख ९१ हजार खर्च भइ कुल खर्चको तुलनामा खर्च ९.९४ प्रतिशत रहेको छ । पालिकाले पुँजी निर्माण हुने तथा विकासको अनुभूति हुने क्षेत्रमा विनियोजन गरेको बजेटको खर्च प्रतिशतलाई बढाउने तर्फ ध्यान दिनुपर्दछ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | क्षेत्रगत बजेटको तुलनामा खर्च प्रतिशत | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| आर्थिक विकास | १९७७६२५० | १३३७११४२ | ६७.६१ | २.५४ |
| सामाजिक क्षेत्र | ३८३१३१३१० | ३३४८३६५२६ | ८७.३९ | ६३.६७ |
| पूर्वाधार विकास क्षेत्र | ६६४८५००० | ५२२९१६७८ | ७८.६५ | ९.९४ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०५७०००० | ८३३६१३८ | ७८.८७ | १.५९ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४८२०८३४३ | ११७०७५३२३ | ७८.९९ | २२.२६ |
| जम्मा | ६२८१७०९०३ | ५२५९१०८०७ | ८३.७२ | १००. |

५ **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.सं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च रू हजारमा | त्रैमासिक खर्च (रू.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथ0 म त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | |
| १ | पालिका पुँजीगत | १०००१३ | १९४ | २१८४७ | २९३९१ | ४८५८१ | २६३०२ |
| २ | खर्च प्रतिशत | १०० | ०.१९ | २१.८४ | २९.३९ | ४८.५७ | २६.३ |

पालिकाले प्रथम त्रैमासिकमा ०.१९ प्रतिशत, दोस्रो त्रैमासिकमा २१.८४ प्रतिशत, तेस्रो त्रैमासिकमा २९.३९ प्रतिशत र चौथो त्रैमासिकमा ३६.३० पुँजीगत बजेट खर्च गरेको देखिन्छ । अषाढ महिनामा मात्र २६.३० प्रतिशत पुँजीगत खर्च गरेको देखिएकोले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आषाढमा अधिक खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

६ **योजना छनौट तथा कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागीमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा अधिक मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धि नहुने हुँदा यसमा नियन्त्रण गरी दीर्घकालीन उपलब्धि दिने ठूला योजनालाई प्राथमिकता दिई छनौट गर्नुपर्दछ । पालिकाबाट पुँजिगततर्फ यो वर्ष संचालन भएका योजनाहरू देहायअनुसार छन।

| क्र. सं . | विवरण | योजना संख्या | विनियोजन रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमका योजना | १८ | ९६५०००।०० |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | १२६ | २६१९००००।०० |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | २६ | १६३१७४४५।०० |
| ४ | रु. १० लाख देखि २० लाख सम्मका योजना | १४ | १९०६०३७७।०० |
| ५ | रु. २० लाख देखि ५० लाख सम्मका योजना | ११ | २९७०००००।०० |
| ६ | रु. ५० लाख भन्दा माथिका योजना | १ | १६००००००।०० |
| जम्मा | | १९६ | १०८२३२८२२।०० |

७ **कार्यक्रमगत प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा अनुसूची-२ अनुसारको प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले अधिकांश कार्यक्रममा शून्य तथा न्यून प्रगति गरेको छ। पालिकाले पुरा गर्न सक्ने योजनाहरू छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शून्य प्रगति भएका पुँजीगततर्फका योजनाहरूको केही उदाहरण देहायअनुसार छन्

| क.सं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | डाँडिगडे साल्पाटा ग्रामीण सडक निर्माण | ५०००० | ० |
| २ | शिशुसुधार आ.वि.मेशीनरी वाल निर्माण | ८०००० | ० |
| ३ | रिचार्ज पोखरी निर्माण नगरका उपयुक्त स्थानमा | १००००० | ० |
| ४ | बल्डाँडा खानेपानी निर्माण वडा नं.११ | १००००० | ० |
| ५ | ढुङ्गानी खानेपानी निर्माण वडा नं.१ | १००००० | ० |
| ६ | नगरपालिका महासंघ भवन निर्माण सहयोग | १००००० | ० |
| ७ | नगरपालिकाको सभाहल निर्माण | १४०००० | ० |
| ८ | रक्तु शहरी स्वास्थ्य क्लिनिक फर्निचर व्यावस्थापन | १५०००० | ० |
| ९ | चुकेआम सिंचाई कुलो निर्माण | १५०००० | ० |
| १० | संस्कृति प्रवर्धन कार्यक्रम | १५०००० | ० |
| ११ | तल्लो दलित टोल खानेपानी निर्माण | १५८००० | ० |
| १२ | सेरिखेत खानेपानी निर्माण | २००००० | ० |
| १३ | धवलपुरी सिँचाई कुलो निर्माण | २००००० | ० |
| १४ | डाँडा मन्दिर निर्माण ( डाडा) | ४००००० | ० |
| १५ | छडिखोला ठाना बल्डाँडा खा.पा.यो.निर्माण | ४५०००० | ० |
| १६ | वडा स्तरका सम्पुर्ण ग्रामीण सडक मर्मत | ५००००० | ० |
| १७ | माठागाउ देखि बजेड सम्म सिचाँई कुलो निर्माण | ७००००० | ० |
| १८ | सार्वजनिक सौचालय निर्माण | ८००००० | ० |
| १९ | धारघर खानेपानी मर्मत | १०००००० | ० |
| २० | सान्निकोट मन्दिर निर्माण | २९५०००० | ० |
|  | जम्मा | ८४७८००० | ० |

## ८ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले यो वर्षसम्म १३ वटा ऐन, ७ वटा नियमावली तथा कार्यविधि/निर्देशिका लगायत २५ समेत गरी ४५ वटा कानून निर्माण गरेको छ । उक्त कानूनहरूको प्रभावकारी कार्यान्वियन गरी सेवा प्रवाह विकाश कार्यक्रमको कार्यान्वियन र नियमनलाई प्रभावकारी बनाउनु पर्दछ ।

## ९ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विपद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन १ वटा र यो बर्ष थप भएको ५ वटा विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट ३ वटा टुङ्गो लगाउन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १० आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा पालिकाले यो वर्षसम्म आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य बेहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखाङ्कन र व्यवस्थापन अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयगत क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ बमोजिमका क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई प्रभावकारी गराउनु पर्दछ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको योजना बैंक खडा गरेको देखिएन।

• पालिकाले स्वीकृत वार्षिक बजेट अनुसार संचालन हुने योजना तथा कार्यक्रमहरूको कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तथा कट्टी गरिएको कन्टिन्जेन्सी सोही योजनामा खर्च भएको देखिने गरी अभिलेख व्यवस्थापन तथा कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा नगद लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा उक्त कार्य प्रभावकारी भएको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन।

• पालिकाले संघ तथा प्रदेश सरकारसँग दोहोरो नपर्ने गरी कार्यक्रम निर्धारण गर्नुपर्नेमा संघीय सर्शत तथा पालिकाले एकै प्रकारका कार्यक्रम तयार गरी कार्यान्वियन गरेकोमा अन्तर सरकार समन्वय गरेको देखिएन ।

• संघीय हस्तान्तरित तथा प्रदेश हस्तान्तरित कार्यक्रमहरू समेत अनुगमन भत्ता, दैनिक भ्रमण भत्ता, बैठक भत्ता लगायत वितरण प्रकृतिका रहेको पाईयो ।

• पालिकाले हालसम्म वितरण गरेको कृषि तथा पशु पन्छी कार्यक्रम अन्तर्गत कृषकलाई दिएको अनुदानको एकीकृत अभिलेख राखेको देखिएन ।

• अनुदान वितरण गर्दा संघ तथा प्रदेशका निकायबाट सोही प्रकारको अनुदान नलिएको देखिने प्रमाण कागजात अनुदान वितरणको स्रेस्तामा राखेको पाईएन ।

• कृषकहरूले सम्झौता अनुसार व्यवसायको निरन्तरता दिए नदिएको तथा अनुदान वितरणको उपलब्धि मापन र अनुगमन गरेको देखिएन ।

• पालिकाले तोकिएको शीर्षकको भत्ता खर्च लेख्दा अन्य शीर्षकमा सोही मितिमा सोही कर्मचारी उपस्थित भई दोहोरो भत्ता भुक्तानी भए नभएको अभिलेख राख्ने तथा भिडाउने गरेको पाईएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ वमोजिम ढाँचामा सबै कारोबार तथा सेवा प्रवाहको अवस्था समेटिने गरी एकीकृत वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

• पदाधिकारी तथा कर्मचारीहरूसँग भएको खप्ने जिन्सी सामानहरूको अभिलेख अद्यावधिक गरी दोहोरो सामान तथा सवारी साधन फिर्ता लिई जिन्सी आम्दानी बाँध्नुपर्दछ ।

• पालिकाको कार्यालयमा गत विगतका खरिद गरिएका मर्मत गरी प्रयोग गर्न नसकिने अवस्थामा सवारी साधनहरू तोकिए बमोजिम लिलाम बिक्री गर्नुपर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले प्रमाणित गर्ने गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ अनुसार आन्तरिक लेखापरीक्षण गराएकोमा सोबाट देखिएका बेहोराहरू अन्तिम लेखापरीक्षण अगावै तोकिए बमोजिम फछर्यौट गरेको देखिएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**११ जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २६ को उपदफा ४ मा कार्यालय प्रमुखले प्राप्त जिन्सी सामानहरूको मुल्य खुलाई नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णय अनुसार सम्पत्ती व्यवस्थापन सफ्टवेयर (PAMS) मा अभिलेख

राख्नुपर्ने व्यवस्था छ । साथै मंगलसेन नगरपालिका कार्य संचालन निर्देशिका, २०८० को दफा १८ मा जिन्सी व्यवस्थापन सम्बन्धी व्यवस्था छ । पालिकाको कृषि, पशु, स्वास्थ्य शाखा तथा वडा कार्यालयबाट खरिद गरिएका खर्च भए जाने सामानहरू PAMS मा अभिलेखिकरण गरेको देखिएन । साथै पालिकाले तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा समेत खर्च भएर जाने सामानहरूको खरिद तथा वर्षान्तमा रहेको मौज्दातको विषयमा उल्लेख गरेको देखिएन । जसबाट पालिकाको जिन्सीको वास्तविक विवरण यकिन हुन सक्ने अवस्था देखिएन । तसर्थ पालिकाले तोकिए अनुसार खरिद गरिएका जिन्सीहरू PAMS मा दाखिला तथा माग फाराम अनुसार खर्च जनाई विवरण अध्याविधक गर्नुपर्दछ ।

१२ **बजेटमा संस्था तोकेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ मा बजेट तथा कार्यक्रम तयारी सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले यो वर्ष वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा चालुतर्फ किवी तथा ओखर खेती विस्तारका लागि न्यू युनिक कृषि फर्म तथा पशुपन्छी फर्म शीर्षक तोकी गोभौ ६७५ मिति २०८१।२।३१ बाट रू.१९९९२१ भुक्तानी दिएको देखियो । पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा निश्चित संस्था तोकी कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३ **निश्चित संस्थाको लागि बजेट व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यो वर्ष गोभौ ६११ मिति २०८१।१।२३ बाट सृजनाशील बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई संचालक समितिका पदाधिकारीहरूको लागि अभिमुखीकरण तालिम बापत उल्लेख गरी रू.५०००० उपलब्ध गराएको छ । नाफामुलक संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको पेस गरेको खर्चको फाँटवारी अनुसार पालिकाको आन्तरिक आय रू.७९ लाख ९० हजार ७७१ मात्र रहेकोमा पालिकाले संघीय समानिकरण स्रोतबाट रू.१९ लाख ७७ हजार ६३५, संघीय राजस्व बाँडफाँटबाट रू.१० लाख १५ हजार ९९९, प्रदेश राजस्व बाँडफाँटबाट रू.४ लाख र अन्य आन्तरिक स्रोतबाट रू.६ लाख ५५ हजार ३६ गरी रू.४० लाख ४८ हजार ६७० खर्च विविधतर्फ लेखेको छ । उक्त रकम पालिकाको खुद आन्तरिक आयको तुलनामा ५१ प्रतिशत हुन आउछ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१५ **आर्थिक सहायता**

मंगलसेन नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७७ को परिच्छेद-२ मा दीर्घ रोगी, हिंसा पिडित, आर्थिक रुपले विपन्न, खेलकुद तथा सांस्कृतिक कार्यक्रम, बेवस्थामा परेका जेष्ठ नागरीक, विपन्न परिवारलाई मृत्यू संकार, सामाजिक क्षेत्रको कार्यमा सहयोग पुराउने संस्थालाई संस्थागत सहायता तथा विपद कार्यमा रु.५००० देखि २५००० सम्म आर्थिक सहायता दिन सक्ने उल्लेख छ । पालिकाले कार्यविधिमा तोकेको सिमा र क्षेत्र भन्दा बाहिर निम्न अनुसार आर्थिक सहायता वितरण गरेको नियमसम्मत देखिएन । निर्देशिका बमोजिम मात्र आर्थिक सहायता वितरण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ | मिति | भुक्तानी लिनेको नाम | वापत | रकम |
|---|---|---|---|---|
| १७७ | २०८०।८।१७ | नेपाली काँग्रेस जिल्ला कार्यसमिति , अछाम | आर्थिक सहायता | २५०००।०० |
| २६४ | २०८०।९।२३ | अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन | आर्थिक सहायता | ३५०००।०० |
| २७१ | २०८०।९।२४ | यूवा संगन नेपाल | आर्थिक सहायता | १००००।०० |
| २९९ | २०८०।१०।७ | नेपाल वित्तीय संस्था कर्मचारी संघ | आर्थिक सहायता | १००००।०० |
| ३३४ | २०८०।१०।१७ | बैद्यनाथ कोटीहोम संचालन कार्यक्रम | आर्थिक सहायता | ३०००००।०० |
| ३९५ | २०८०।११।१४ | अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन | आर्थिक सहायता | ३५०००।०० |
| ४२३ | २०८०।११।२९ | अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन | आर्थिक सहायता | ५००००।०० |
| ४८७ | २०८०।१२।१२ | मंगलसेन बजार विकास तथा प्रवर्द्धन समिति | आर्थिक सहायता | ४००००।०० |
| ९७० | २०८१।३।२४ | बैद्यनाथ कोटीहोम संचालन कार्यक्रम | आर्थिक सहायता | २०००००।०० |
| ४९८ | २०८०।१२।१३ | नेपाल प्राज्ञिक विद्यार्थी परिषद | आर्थिक सहायता | १००००।०० |
| ५०१ | २०८०।१२।१५ | शिव मेला व्यवस्थापन | मेला व्यवस्थापन | २०७००।०० |
| ५१० | २०८०।१२।१६ | झंकर बहादु रावल स्मृती प्रतिष्ठान | कार्यालय व्यवस्थापन | २५००००।०० |
| ५४६ | २०८०।१२।३० | चैते दशै अष्टमी मेला ब्यवस्थापन | मेला व्यवस्थापन | ८००००।०० |
| ६०९ | २०८१।१।२३ | कोकिला देवी महिला अधिकार मञ्च | आर्थिक सहायता | ६५०००।०० |
| ६३६ | २०८१।२।२ | चैते दशै अष्टमी मेला ब्यवस्थापन | मेला व्यवस्थापन | १०००००।०० |
| ६९२ | २०८१।२।३२ | नेकपा एमाले- अछाम | आर्थिक सहायता | ७४६२५।०० |
| ७१४ | २०८१।३।२ | बैज्ञानीक समाजवादी विद्यार्थी युनियन नेपाल | आर्थिक सहायता | १००००।०० |
| ९३८ | २०८१।३।२३ | नेपाल कम्युमिष्ट पार्टी(एकीकृत समाजबादी) | आर्थिक सहायता | १००००।०० |
| ९३८ | २०८१।३।२३ | नेपाल कम्युमिष्ट पार्टी | आर्थिक सहायता | १००००।०० |
| ९७१ | २०८१।३।२४ | नवीन कृषि सहकारी संस्था लिमिटेड | व्यवस्थापन अनुदान | ९९४४०।०० |
| जम्मा | | | | १४३४७६५।०० |

१६ **अन्य कार्यालयको खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख गरेको छ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था

गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन। पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र नगरपालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो.भौ | मिति | भुक्तानी लिनेकोनाम | वापत | रकम |
|---|---|---|---|---|
| २९५ | २०८०।१०।५ | जिल्लाप्रहरी कार्यालय | सवारी साधनमर्मत | ९४४२९।०० |
| ४१२ | २०८०।११।२३ | अस्थायीप्रहरी चौकी | व्यवस्थापनकालागि सामान खरिद | ४३०१०।०० |
| ४४२ | २०८०।१२।१ | वडा नं.५अस्थायी प्रहरी चौकी | व्यवस्थापनखर्च | ७४९७५।०० |
| जम्मा | | | | २१२४१४।०० |

१७ **क्षेत्राधिकार बाहिर अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आधारभूत तथा माध्यामिक तहको शिक्षा व्यवस्थापन मात्र स्थानीय तहको अधिकार क्षेत्र भित्र रहने उल्लेख छ । साथै आर्थिक कर्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(५) मा कार्यालयले कुनै संघ वा संस्थालाई दिएको अनुदान रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको कुराको अनुगमन गर्नुपर्ने व्यवस्था छ । संघ तथा प्रदेशको क्षेत्राधिकार भित्र रहेको माध्यामिक तह भन्दा माथिको शिक्षा क्षेत्र तथा अस्पतालमा पालिकाले देहाय अनुसार रकम अनुदान दिएको देखियो । पालिकाले दीर्घकालिन दायित्व सिर्जना समेतलाई विचार गरी अनुदान वितरण सम्बन्धी कार्यविधि तथा मादण्ड निर्धारण नगरेको अवस्थामा निम्न अनुसार दिएको अनुदान रकम सोही अनुसार खर्च भएको सम्बन्धमा अनुगमन समेत गरेको देखिएन । पालिकाले आफ्नो क्षेत्राधिकार अन्तरगत रहेका संघ संस्थालाई मात्र कार्यविधि बनाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउने र अनुदान रकमको सदुपयोग सम्बन्धमा संस्थाको प्रगति र लेखापरीक्षण प्रतिवेदन लिई अनुमगन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

| गो.भौ | मिति | भुक्तानी लिनेको नाम | बापत | रकम |
|---|---|---|---|---|
| चालुतर्फ | | | | |
| ५२९ | २०८०।१२।२८ | अछाम जिल्ला अस्पताल-मंगलसेन | अनुदान सहयोग | ४०००००।०० |
| ६८८ | २०८१।२।३२ | कैलाश बहुमुखी क्याम्पस -मंगलसेन | व्यवस्थापन अनुदान | १५००००।०० |
| ७२४ | २०८१।३।४ | न्याय हेल्थ नेपाल बयलपाटा अस्पताल-साँफेबगर | अनुदान सहयोग | ५०००००।०० |
| ८४४ | २०८१।३।१७ | अछाम बहुमुखी क्याम्पस-मंगलसेन | व्यवस्थापन अनुदान | ५०००००।०० |
| ८८३ | २०८१।३।१९ | कैलाश बहुमुखी क्याम्पस -मंगलसेन | व्यवस्थापन अनुदान | ५०००००।०० |
| ४८० | २०८०।१२।८ | कैलाश बहुमुखी क्याम्पस -मंगलसेन | ईन्टरनेट जडान | २१३६५।०० |
| ४४७ | २०८०।१२।३ | मंगलसेन बहु प्राविधिक शिक्षालय- मंगलसेन | फार्मेसी कार्यक्रम संचालन सहयोग | ५०००००।०० |
| ९६४ | २०८१।३।२४ | अछाम जिल्ला अस्पताल-मंगलसेन | अनुदान सहयोग | १०००००।०० |
| पुंजीगततर्फ | | | | |
| ३१ | २०८०।८।१२ | कैलाश बहुमुखी क्याम्पस-मंगलसेन | भवन निर्माण | ६३६०११।०० |
| ३६ | २०८०।८।१७ | अछाम बहुमुखी क्याम्पस-मंगलसेन | रिटेनिङ वाल | ९७३५०१।०० |
| ७३ | २०८०।१०।३ | अछाम बहुमुखी क्याम्पस-मंगलसेन | भवन निर्माण | १९४२८१३।०० |
| जम्मा | | | | ६२२३६९०।०० |

१८ **कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम कर्मचारी समायोजन तथा पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकामा विभिन्न पदका ६६ जनाको स्थायी दरबन्दी स्वीकृत रहेतापनि लेखापरीक्षण अवधि सम्म निमित्त प्रमुख प्रशाकीय अधिकृत सहित २८ जना पदपूर्ती भएको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार कार्यालयको समग्र कार्य व्यवस्थापनका दृष्टिकोणले रा.प.द्वितीय, शिक्षा अधिकृत नवौ/दशौं, ईन्जिनियर नवौ/दशौं, प्रशासन अधिकृत सातौं/आठौं, जनस्वास्थ्य अधिकृत सातौं/आठौं, प्रशासकीय अधिकृत, आन्तरिक लेखापरीक्षण अधिकृत, लेखा सहायक सहित ३८ पदहरू रिक्त रहेका छन् । तसर्थ रिक्त दरबन्दी पदपूर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१९ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) गरी नगर सभाबाट पास गरी सामान्य प्रशासन मन्त्रालय पठाएकोमा स्वीकृती तथा अभिलेखीकरणको लागि पठाएको स्वीकृत भई आएको देखिएन । पालिकाले विभिन्न पदमा कर्मचारीहरू करारमा राखि कुल रू.२ करोड २३ लाख ४ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा लिन सकिने व्यवस्था गरेको छ । पालिकाको खुद आन्तरिक आय रु.७९ लाख ९१ हजार मात्र रहेकोमा उल्लेखित बाहेकका पदहरु सहायक पाँचौ/चौथो लगायतका ७ वटा पदमा १५ जना करार नियुक्ति गरी नगरपालिका चालुतर्फ बर्षभरीमा रू.४३ लाख २९ हजार र नगर स्वास्थ्य चालु तर्फ ४ पदमा १४ जना राखी बर्षभरीमा रू.४४ लाख ३० हजार गरी कुल रू.८७ लाख ५९ हजार खर्च लेखेको छ । तसर्थ पालिकाले आन्तरिक आय समेतलाई ध्यान दिई संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) तथा ऐनको व्यवस्था प्रतिकुल हुने गरी करारमा कर्मचारी नियुक्त गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२० **जीवन बीमा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१०,२६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **९,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **९,५३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **९,९९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **९,९९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१०,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१०,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **९,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१०,८९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **९,७४७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र बहुउदेश्यि सहकारी संस्था ११, बचत तथा ऋण सहकारी संस्था १०, उपभोक्ता सहकारी संस्था ५ र कृषि सहकारी संस्था ४ समेत ३० सहकारी संस्था रहेकोमा नगरपालिकाको अनुगमनको क्रममा ३३ वटा रहेको देखाएको छ । जसमध्ये मध्ये कुनै विवरण फेला नपरेका ९ सहित १७ सहकारी संस्था निकृष्य रहेको देखिन्छ । सहकारी संस्थाहरूको एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) लागु भए पश्चात् यो वर्षसम्म ७ सहकारी संस्थालाई युजर र पासवर्ड उपलब्ध गराएको छ । ती सहकारीमा ४४५ महिला तथा २११ पुरूष गरी कुल ६६६ जना शेयर सदस्य, कुल शेयर रकम रू.७१ लाख ७ हजार १००, कुल बचत रू.३ करोड २६ लाख १३ हजार २०९ र कुल ऋण रकम रू.४ करोड २६ लाख ९ हजार ८३३ रहेको देखिन्छ । पालिकाले २०७९।८० पश्चात् २०८०।८१ मा अनुगमन तथा सोसँग सम्बन्धित कुनै कार्य गरेको नदेखिएकोले ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२२ **दर्ना लघु वित्तीय सहकारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। पालिकाले बान्नीगढी गाउँपालिकाको वडा नं ६ दर्नामा दर्ना लघु वित्तीय सहकारी संस्था लिमिटेड २०७७ मा आएको बाढीको कारण प्रभावित भए पश्चात् उक्त सहकारी संस्थाले नेपाल विद्युत प्राधिकरणको अछाम वितरण केन्द्र, साँफेबगर अछामसँग करार सम्झौता गरी वि.सं. २०७७ भाद्र महिना देखि २०८१ जेष्ट मसान्तसम्म यस पालिकाको वडा नं. १४ मा विद्युत सेवा दिदै आएकोमा सहकारीले प्राधिकरणलाई तिर्नुपर्ने महशुल मध्ये रू.४८४०३०६ बक्यौता रहेकोमा उक्त रकमको ५० प्रतिशत रकम उपभोक्तालाई आर्थिक व्यभार पर्ने भएको जनाई पालिकाले कालागाउँ विद्युत व्यवस्थापन शीर्षकमा रू.५ लाख बजेट विनियोजन गरी वडा नं. १४ को वडा समितिको निर्णयबाट गोभौ ९४१ मिति २०८१।३।२३ बाट जरिबाना रू.१ लाख सहित ५ लाख दर्नाल ई वित्तीय सहकारीको तर्फबाट प्राधिकरणलाई भुक्तानी गरेको पाईयो । पालिकाको आन्तरिक आय न्युन रहेको अवस्थामा दर्ना लघु वित्तीय सहकारी संस्था लिमिटेडले विद्युत प्राधिकरणसँग सम्झौता गरी खरिद गरेको र उपभोक्तालाई बिक्री गरेको विद्युतको बक्यौता महसुल रकम वडा समितिको निर्णयबाट प्राधिकरणलाई भुक्तानी गरेको नियमसम्मत देखिएन रू.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

२३ **गत बर्षको दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम चालु आर्थिक बर्षको बजेटले नखाम्ने गरी बढी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाको सभाबाट आर्थिक वर्ष २०७९।८० को चालू तथा पुँजीगत शीर्षकतर्फको भुक्तानी दिन बाँकीको विस्तृत विवरण नखुलाई एकमुस्ट बजेट व्यवस्था गरेकोमा मर्मत संभार, बैठक भत्ता, पदाधिकारी पारिश्रमिक, छपाई, विविध खर्च तथा योजनाहरु गरी ९७ योजना तथा कार्यक्रममा रु. १ करोड ९४ लाख ६७ हजार ६२५ खर्च गरेको पाइयो । आर्थिक वर्ष भित्रै सम्पन्न गर्नुपर्ने योजना तथा कार्यक्रम समयमा नै सम्पन्न नगरेको कारण बजेट खर्च नभई आगामी वर्षको लागि दायित्व सरेको देखिन्छ । तसर्थ ठूला तथा बहु वर्षीय योजना तर्जुमा गर्ने तथा कार्यक्रम समयमै संचालन गरी आगामी वर्षको लागि दायित्व सिर्जना गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२४ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिले राख्नुपर्ने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार देहाय अनुसार पेस्की बाँकी देखिएको छ । उक्त पेस्की नियमानुसार बमोजिम फछर्यौट हुनुपर्दछ ।म्याद नाघेका पेश्की आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण प्रतिवेदनमा लगती कायम भएको छ ।

| गो. भौ. न. | पेस्की लिएको मिति | पेश्कीको विवरण | पेस्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेस्की | |
|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्यादनाघेको |
| १२ | २०८०/०४/०१ | डाडाँगाउ-सिमसल्लीसडक म.न.पा.९,१०,११,१२,१४ | नन्दामाता निर्माण सेवा | २७९०००।०० | छुट्टै दफामा लगती कायम भएको |
| ४० | २०८०/०४/०१ | अन्य सार्वजनिक निर्माण | वंशिका निर्माण सेवा | १००००००।०० | छुट्टै दफामा लगती कायम भएको |
| ४ | २०८०/०७/१४ | सडक तथा पूल निर्माण | स्वेता - कौशिक जे. भी. | १९५००००।०० | ०।०० |
| १९ | २०८०/१२/१५ | बान्नातोलीस्वास्थ्य चौकी भवन निर्माण | धनदिपनिर्माण सेवा | ४०००००।०० | ०।०० |
| ३ | २०८०/०४/०१ | विद्यालयकक्षाकोठा निर्माण अनुदान ( २ कोठे तथा ४ कोठे भवन ) | षोडशादेवी मा.बि.मंगलसेन, अछाम । | - | ४८००००।०० |
| १६० | २०८०/०४/०१ | नगरस्तरिय मेला व्यावस्थापन कार्यक्रम | शिवमन्दिर मेला समिति | - | २५०००।०० |
| २६४ | २०८०/०४/०१ | आकस्मिकरुपमा आउने योजनाहरू | अछामजिल्ला खेलकुद विकास समिति | - | ५००००।०० |
| जम्मा | | | | ३६२९०००।०० | ५५५०००।०० |

२५ **आन्तरिक लेखापरीक्षणबाट कायम बेरूजु**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरूजु अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट गरी अन्तिम लेखापरीक्षकलाई पेस गर्नु पर्ने व्यवस्था छ। कार्यालयले आन्तरिक लेखापरीक्षण बेरूजुबाट औल्याएका देहाएका बेहोरा फछर्यौट गरी पेस गरेको छैन। उक्त बेहोराहरू तोकिए बमोजिम फछर्यौट गर्नुपर्दछ ।

२५.१ ४६९- ०८०।९।१७ : नगरपालिकाको राजश्व शाखाले अन्य सेवा शुल्क वापत रू.१२००० आम्दानी गरेकोमा सो रकम बैंक जम्मा गरेको भौचर पेस नभएको र बैंक स्टेटमेन्टमा समेत नदेखिएकोले उक्त आम्दानी रकम सम्बन्धित कर्मचारीबाट असुल गरी आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

२५.२ ४७०- ०८०।९।१७ : नगरपालिकाको राजश्व शाखाले बहाल कर वापत रू.२०६०० र व्यवसाय रजिष्ट्रेशन शुल्क वापत रू.११९०० गरी जम्मा रू.३१७०० आम्दानी गरेकोमा सो रकम बैंक जम्मा गरेको भौचर पेस नभएको र बैंक स्टेटमेन्टमा समेत नदेखिएकोले उक्त आम्दानी रकम सम्बन्धित कर्मचारीबाट असुल गरी आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,७०० |

२५.३ ५७७/५७८- ०८०।१०।१० : नगरपालिकाको राजश्व शाखाबाट विभिन्न शीर्षकबाट रू.२०००० आम्दानी गरेकोमा सो रकम बैंक जम्मा गरेको भौचर पेस नभएको र बैंक स्टेटमेन्टमा समेत नदेखिएकोले उक्त आम्दानी रकम सम्बन्धित कर्मचारीबाट असुल गरी आन्तरिक राजश्व खातामा दाखिला गर्नुपर्ने रू

| असुल गर्नुपर्ने | २०,००० |
|---|---|

२५.४ पालिकाले १२९ नं. भौचरमा विभिन्न शिर्षकबाट प्राप्त आन्तरिक आय रू ४०० र १२८० नं. भौचरमा राजश्व शाखाबाट विभिन्न शिर्षकबाट संकलन भएको राजश्व रू.३००० गरी जम्मा राजश्व रू.३४०० सम्बन्धित राजश्व खातामा जम्मा नगरेकोले उक्त सम्बन्धित कर्मचारीबाट रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ। रू

| असुल गर्नुपर्ने | ३,४०० |
|---|---|

२५.५ १२- ०८०।६।२६ : पालिकाका शिक्षा अधिकृत श्री जगत बहादुर रावलको नाममा गत आ.व.को रू.१००००० पेस्की जिम्मेवारी सारी पेस्की फर्स्यौट गर्दा संलग्न भरपाई अनुसार सहभागिहरूबाट आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कट्टी गर्नुपर्ने पारिश्रमिक कर वापत रू.१५००० कर कट्टी नगरेकोले उक्त रकम सम्बन्धित कर्मचारीबाट असुल गरी सम्बन्धित राजश्व खातामा जम्मा गर्नुपर्दछ। रू

| असुल गर्नुपर्ने | १५,००० |
|---|---|

२५.६ २८९- ०८०।१०।२ : वडा नं. ४ अन्तर्गतको वडा समितिका पदाधिकारीहरूको २०८० श्रावण देखि पौष महिनासम्म ६ महिनाको प्रति महिना २ वटा बैठक बसे वापत रू.७१००० भुक्तानी गरेको देखिन्छ। भाद्र २७ र कार्तिक २३ मा वडा सदस्य श्री शान्त धामी उपस्थित नै नभएको २ वडा बैठकको रू १७०० र श्रावण ३ मा वडा सदस्य श्री निर्मला भुल उपस्थित नभएको बैठकको रू.८५० समेत रू.२५५० सम्बन्धितबाट असुल हुनुपर्दछ। रू

| असुल गर्नुपर्ने | २,५५० |
|---|---|

२५.७ ५४५- ०८०।१२।३० : पालिकाका अमिन श्री कर्ण बहादुर शाहीलाई भ्रमण खर्च नियमावली, २०५० अनुसार रू.२५७५० भुक्तानी हुनुपर्नेमा रू.२८००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रू.२२५० असुल हुनुपर्दछ। रू

| असुल गर्नुपर्ने | २,२५० |
|---|---|

२६ **अतिथि सत्कार**

सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । जसअनुसार अनुसूची-१(ख) को क्र.सं.६ अनुसार पदाधिकारीहरूलाई अतिथि सत्कार बापत मासिक सुविधामा रू.१० हजारका दरले भुक्तानी दिएकोमा मंगलसेन नगरपालिका कार्य संचालन निर्देशिका, २०८० को दफा ७ अनुसार माघ र चैत्र सम्मको अतिथि सत्कार बापत उप-प्रमुख श्री संगिता कुमारी रावललाई गोभौ ६२६ मिति २०८१।१।२७ बाट रू.३३२९५ भुक्तानी दिएको छ । मासिक सुविधामा समावेश भई भुक्तानी लिएकोमा पुनः सोही सुविधा भुक्तानी दिएको रकम असुल हुनुपर्दछ रु.

| असुल गर्नुपर्ने | ३३,२९५ |
|---|---|

२७ **खाद्यान्न**

सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । जसअनुसार अनुसूची-१(ख) अनुसार पदाधिकारीहरूलाई पालिकाबाट खाद्यान्न दिन पाउने व्यवस्था रहेको देखिदैन । तर गोभौ ३२४ मिति २०८०।१०।५ बाट उप-प्रमुख श्री संगिता कुमारी रावलको आवासको प्रयोजनको लागि खाद्यान्न वापत उल्लेख गरी अतिथि सत्कार तथा बैठक खाजा खाना खर्च शीर्षकबाट ए आरसी सप्लायर्सलाई रू.६७११५ भुक्तानी दिएको देखिन्छ । पदाधिकारी सुविधा सम्बन्धी ऐनमा यस प्रकारको सुविधा बापतको भुक्तानी दिन नमिल्ने देखिएकोले उक्त रकम असुल हुनुपर्दछ रु.

| असुल गर्नुपर्ने | ६७,११५ |
|---|---|

## २८ पदाधिकारीको बीमा

सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । जसअनुसार अनुसूची-१(ख) को क्र.सं.१० मा पदाधिकारीहरूलाई सरकारी कामको सिलसिलामा रू.१० लाख सम्मको यात्रा दुर्घटना बीमा पालिकाले गरी दिन सक्ने व्यवस्था गरेको छ । जसअनुसार स्थानीय तहका पदाधिकारीहरूको सावधिक जीवन बीमा गर्न पाउने देखिँदैन । पालिकाले १४ जना निर्वाचित जनप्रतिनिधिहरूको सावधिक बीमा गरेको जनाई गोभौ ४२१ मिति २०८०।११।२७ बाट प्रभु लाईफ ईन्सोरेन्स कम्पनीलाई यस वर्षको प्रिमियम बापत रू.२७७८३१ भुक्तानी दिएको छ । प्रदेश कानुनले तोकको दुर्घटना बीमा मात्र गर्न पाईनेमा पालिकाले सावधिक जीवन बिमाको प्रिमियम तिरेको रकम देहायका पदाधिकारीबाट असुल हुनुपर्दछ ।

| क्र.सं. | बिमित पदाधिकारीको नाम | बिमा शुल्क |
|---|---|---|
| २ | गणेश बहादुर रावल | १९७८६।०० |
| ५ | हर्क तिरुवा | १९९२७।०० |
| ७ | रम्भ लोहार | १९८८४।०० |
| ११ | गंगा थापा | १९७६८।०० |
| १२ | दुर्गा प्रसाद भण्डारी | १९८२६।०० |
| १३ | उदयराम जैसी | १९८६७।०० |
| १४ | रमेश कामी | १९८८४।०० |
| जम्मा | | १३८९४२।०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **१९,९७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१९,७८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१९,७६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१९,८२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१९,८६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१९,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-६-३०** को निर्णयले रू **१९,८२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३८,९४२ |

२९ **पदाधिकारी सुविधा**

गो.भौ ९४६ मिति २०८१।०३।२३ समेत, सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(१) मा स्थानीय तहका पदाधिकारिहरूले अनुसूची १(ख) को क्र.सं.९ मा वडा अध्यक्षलाई सरकारी सवारी साधन उपलब्ध नभएमा एकमुस्ट रू.२५०० मा दरले मासिक यातायात सुविधा बापत भुक्तानी दिने व्यवस्था छ । पालिकाले मंगलसेन नगरपालिका कार्य संचालन निर्देशिका, २०८० को दफा ११(४) मा वडा अध्यक्षलाई सवारी साधन उपलब्ध गराउन नसकिएमा यातायात खर्च वापत मासिक रू.८५०० उपलब्ध गराउन सकिने व्यवस्था गरी देहाय अनुसार यातायात सुविधा भुक्तानी दिएको छ । प्रदेश ऐनमा तोकिए भन्दा बढी सुविधा दिने गरी निर्देशिका तयार गरी बढी सुविधा दिएको रकम असुल हुनुपर्दछ रु.

| वडा नं. | नाम | सवारी साधन फिर्ता | यातायात सुविधा वापत पाउने | वार्षिक सुविधा पाउने रकम | भुक्तानी लिएको | बढी सुविधा लिएको रकम |
|---|---|---|---|---|---|---|
| १ | लोकराज नाथ | - | २५०० | ३०००० | १०२००० | ७२००० |
| २ | देवेन्द्र बोगटी | - | २५०० | ३०००० | १०२००० | ७२००० |
| ३ | बिर्ख बहादुर बोगटी | २०८०।४।४ | २५०० | ३०००० | १०२००० | ७२००० |
| ४ | नाम सिंह धामी | - | २५०० | ३०००० | १०२००० | ७२००० |
| ५ | झंकर प्रसाद भाट | २०८०।४।४ | २५०० | ३०००० | १०२००० | ७२००० |
| ६ | देवेन्द्र प्रसाद भण्डारी | २०८०।८।५ | २५०० | २०००० | ६८००० | ४८००० |
| ७ | राज बहादुर शाही | २०८०।४।८ | २५०० | ३०००० | १०२००० | ७२००० |
| ८ | ज्ञानेन्द्र बहादुर बोहरा | - | २५०० | ३०००० | १०२००० | ७२००० |
| ९ | पदम बहादुर बोहरा | - | २५०० | ३०००० | १०२००० | ७२००० |
| १० | जनक बहादुर कुवर | २०८०।४।५ | २५०० | ३०००० | १०२००० | ७२००० |
| ११ | नर बहादुर भण्डारी | २०८०।४।९ | २५०० | ३०००० | १०२००० | ७२००० |
| १२ | खगेन्द्र बहादुर रावल | २०८०।८।७ | २५०० | २०००० | ६८००० | ४८००० |
| १३ | हिक्मत बहादुर बोगटी | - | २५०० | ३०००० | १०२००० | ७२००० |
| १४ | शिव बहादुर सोडारी | २०८०।४।९ | २५०० | ३०००० | १०२००० | ७२००० |
| जम्मा | | | | ४००००० | १३६०००० | ९६००००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६०,००० |

३० **स्थानीय भत्ता**

मंगलसेन नगरपालिका कार्य संचालन निर्देशिका, २०८० दफा १०(१०) दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधि भर फिल्ड भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । पालिकाले निम्न अनुसार कर्मचारीहरू तालिम तथा काजमा रहेको अवस्थामा मासिक तलव भुक्तानी गर्दा स्थानीय भत्ता भुक्तानी गरेको तथा सोही अवधिको भ्रमण भत्ता समेत भुक्तानी भएको देखिएकोले दोहोरो परेको स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

| गोभौ | मिति | विवरण | रकम |
|---|---|---|---|
| १०८ | २०८०।७।२ | सहायक पाचौ श्री लालसिंह खनाल मिति २०८०।५।२९ देखि २०८०।७।३ सम्म सेवाकालीन तालिममा रहेकोमा गोभौ १५२ बाट भ्रमण भत्ता भुक्तानी लिएकोले सोही अवधिको स्थानीय भत्ता रू. | ५५१० |
| २ | २०८०।५।२८ | प्र.प्र.अ. श्री वाबुराम पौडेल मिति २०८०।५।२ देखि २४ र २०८०।४।१ बाट १५ सम्म काठमाडौ तथा बुटवल काजमा रहेकोमा गौभौ १११ बाट भ्रमण भत्ता भुक्तानी लिएकोमा सोही अवधिको स्थानीय भत्ता रू. | ९३८० |
| २८२ | २०८०।९।२९ | श्री विष्णु प्रसाद जैसी मिति २०८०।८।१५ देखि २०८०।९।२२ सम्म सेवाकालीन तालिममा रहेकोमा गोभौ २८० बाट भ्रमण भत्ता भुक्तानी लिएकोले सोही अवधिको स्थानीय भत्ता रू. | ५२५० |
| २८२ | २०८०।९।२९ | श्री नारायण राज जैशी मिति २०८०।८।१५ देखि २०८०।९।२२ सम्म सेवाकालीन तालिममा रहेकोमा गोभौ २९९ बाट भ्रमण भत्ता भुक्तानी लिएकोले सोही अवधिको स्थानीय भत्ता रू. | ४३८० |
| जम्मा | | | २४५२०।०० |

| असुल गर्नुपर्ने | २४,५२० |
|---|---|

३१ **दोहोरो भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३२ **बढी आमन्त्रित**

कार्य संचालन निर्देशिका, २०८० को दफा ३(घ) समिति वा कार्य दलका कूल सदस्य बाहेक सो सङ्ख्याको बढीमा २५ प्रतिशतले हुन आउने सङ्ख्यामा विज्ञ, आमन्त्रित सदस्य वा कर्मचारीलाई मात्र यस निर्देशिका बमोजिम बैठक भत्ता उपलब्ध गराइने व्यवस्था छ । तर पालिकामा देहाय अनुसार विभिन्न समिति तथा कार्य दलमा बैठकमा २५ प्रतिशत भन्दा बढी संख्यामा आमन्त्रित सदस्यहरू राखी उपस्थित भएको माईनुटको आधारमा बैठक भत्ता भुक्तानी दिएको देखियो । तसर्थ निर्देशिकाले तोकिकेको भन्दा बढी संख्यामा

आमन्त्रितलाई बैठकमा समावेश गरी भत्ता वितरण गरेकोमा बढी आमन्त्रित ब्यक्ती लेखापरीक्षणबाट यकिन गर्ने अवस्था नरहेकोले यस सम्बन्धमा पालिकाबाटै यकिन गरी बढी भत्ता रकम असुल गर्नुपर्दछ रू.

| गोभौ | मिति | विवरण | बढी संख्या | रकम | कर पश्चात |
|---|---|---|---|---|---|
| १४२ | २०८०।७।२२ | बजेट तथा कार्यक्रम तर्जुमा समितिमा ८ जना सदस्य रहनेमा बढिमा २ जना आमन्त्रित राख्न मिल्नेमा मिति २०८०।३।१४ मा ३९ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ३७ | ३७००० | ३१४५० |
| १४२ | २०८०।७।२२ | नगर स्तरीय विपद व्यवस्थापन समितिमा १० सदस्य रहनेमा बढीमा ३ जना आमन्त्रित राख्न मिल्नेमा मिति २०८०।३।१३ ६ मा जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ३ | ३००० | २५५० |
| १४२ | २०८०।७।२२ | वातावरण तथा विपद व्यवस्थापन समितिमा ४ सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्न मिल्नेमा मिति २०८०।३।१ मा ५ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ४ | ४००० | ३४०० |
| १४२ | २०८०।७।२२ | वातावरण तथा विपद व्यवस्थापन समितिमा ४ सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्न मिल्नेमा मिति २०८०।३।५ मा ४ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ३ | ३००० | २५५० |
| १४२ | २०८०।७।२२ | न्यायिक समितिमा ३ सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्न मिल्नेमा मिति २०८०।२।३२ मा ६ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ५ | ५००० | ४२५० |
| १४२ | २०८०।७।२२ | न्यायिक समितिमा ३ सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्न मिल्नेमा मिति २०८०।१।४ मा ४ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ३ | ३००० | २५५० |
| १४२ | २०८०।७।२२ | न्यायिक समितिमा ३ सदस्य | ३ | ३००० | २५५० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रहनेमा बढीमा १ जना आमन्त्रित राख्र मिल्नेमा मिति २०७९।१२।२ मा ४ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | | | |
| १४२ | २०८०।७।२२ | न्यायिक समितिमा ३ सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्र मिल्नेमा मिति २०७९।१०।५ मा ४ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ३ | ३००० | २५५० |
| ८०७ | २०८१।३।१६ | विधेयक समितिमा ४ सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्र मिल्नेमा १४ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ४६ | ४५५०० | ३८६७५ |
| ८९३ | २०८१।३।२० | सुशासन समितिमा ४० सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्र मिल्नेमा ११ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | २७ | २७००० | २२९५० |
| ९६२ | २०८१।३।२४ | विधेयक समितिमा ४ सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्र मिल्नेमा १४ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | ३२ | ३२००० | २७२०० |
| प्रदेश ९ | २०८१।३।२३ | कृषि पाकेट क्षत्र्र प्राविधिक समितिमा ३ सदस्य रहनेमा बढीमा १ जना आमन्त्रित राख्र मिल्नेमा ८ जना आमन्त्रित राखी बैठक भत्ता खर्च लेखेको | २१ | २१००० | १७८५० |
| जम्मा | | | | | १५८५२५।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८,५२५ |

३३ **इन्धन**

मंगलसेन नगरपालिका कार्य संचालन निर्देशिका, २०८० को दफा १२ मा जनप्रतिनिधिहरूलाई प्रदेश कानुनमा उल्लिखित इन्धन सुविधा र सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित रूपमा कार्यालयमा आउने कर्मचारीलाई आवश्यकता र कार्यालयको कामका आधारमा प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-१ उल्लिखित मासिक इन्धन सुविधा दिन सक्ने तथा कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ व्यवस्था गरेको छ । उक्त कार्यविधिको अनुसूची-१ मा नगर प्रमुखले आवश्यकता अनुसार, उप-प्रमुखले मासिक ६० लिटर डिजल, अध्यक्ष वडा नं ३,४,५,६ र ८ ले १५ लि. पेट्रोल, अध्यक्ष वडा नं २,७,९,१० र ११ ले १८ लि. पेट्रोल, अध्यक्ष वडा नं १,१२ र १४ ले २० लि. पेट्रोल, अध्यक्ष वडा नं १३ ले २५ लि. पेट्रोल, प्रमुख प्रशासकीय अधिकृतले ६० डिजेल, अधिकृत स्तर (आठौं, नवौं, )ले १० पेट्रोल, अधिकृत स्तर छैठौं र सहायक स्तरले १५ पेट्रोल

पाउने व्यवस्था गरेको छ । कार्यालयले यस वर्ष इन्धनमा रू.५९३३३३० खर्च गरेकोमा नगर प्रमुख, उप-प्रमुख, एम्बुलेन्स, दमकल टिप्पर, एक्साभेटर, जेनेरेटरमा ११०१२ लिटर बाहेक अन्य पदाधिकारी तथा कर्मचारीले प्रयोग गरेको इन्धनको अभिलेख PAMS मा प्रयोगकर्ता खुलाई अभिलेख राखेको देखिएन । जसबाट कार्यविधिमा तोकिए भन्दा बढी हुने गरी इन्धन सुविधा लिए नलिएको यकिन गर्न सकिएन । पालिकाको यो वर्ष कुल आन्तरिक आम्दानी रू.७९ लाख ९० हजार ७७१ रहेकोमा कुल आन्तरिक आयको तुलनामा ७४ प्रतिशत रकम इन्धनमा खर्च गरेको देखिन्छ । तसर्थ कार्यालयले निर्देशिकामा तोकिए बमोजिम इन्धनको अभिलेख तयार गरी इन्धन खर्चमा मितव्ययीता ल्याउनुपर्दछ ।

३४ **विज्ञापन शुल्क**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ (२)(ख) तथा विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६(क) बमोजिम कार्यालयले सूचना तथा विज्ञापन शुल्क भुक्तानी गर्दा पेस भएको विल बमोजिमको रकमको ३ प्रतिशत रकम विज्ञापन बोर्डको कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । नमुना छनोट गरी परीक्षण गर्दा पालिकाले गोभौ १३७, १३८, १६७, १६८, र ९३७ बाट देहाय अनुसार सूचना तथा विज्ञापन बापत भुक्तानी गरेकोमा ३ प्रतिशतले हुने रकम असुल गरी विज्ञापन बोर्डको खातामा जम्मा गर्नुपर्दछ। रु.

| क्र.सं. | भुक्तानी लिनेको नाम | भुक्तानी रकम | ३ % कर रकम |
|---|---|---|---|
| १ | रेडियो सोसाईटी | ७५००० | २२५० |
| 2 | खप्तड न्युज | ४०००० | १२०० |
| ३ | रामारोशन राष्ट्रीय दैनिक | ५०००० | १५०० |
| ४ | मंगला मिडिया नेटवर्क | ४०००० | १२०० |
| 5 | रेडीयो बान्नीगढी | ८०००० | २४०० |
| ६ | रेडियो रामारोशन | १५०००० | ४५०० |
| ७ | रेडियो गाउँघर | १७५००० | ५२५० |
| ८ | सझा अछाम | ४५००० | १३५० |
| ९ | खफ्तड न्युज राष्ट्रीय दैनिक | ३९४०० | ११८२ |
| जम्मा | | | २०८३२।०० |

| असुल गर्नुपर्ने | २०,८३२ |
|---|---|

३५ **जरिबाना**

मंगलसेन नगरपालिका कार्य संचालन निर्देशिका, २०८० को दफा १६(२) मा कार्यालयले पानी, बिजुली तथा टेलिफोनको विल समयमै भुक्तानी गरी जरिबाना नतिर्ने र छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष गोभौ १२८, २०७, ३९१, ५७१ लगायतबाट विद्युत महसुल तिरेकोमा जरिबाना रू. ७२२९२ तथा गोभौ १६१ मिति २०८०।८।७ बाट २७ बटा सवारी साधनको नवीकरण ढिलाइ गरेको कारण रू.१२६०२० गरी रू.१९८३१२ जरिबाना तिरेको पाईयो । कार्यविधिमा उल्लेख भए अनुसार समयमै नवीकरण तथा महसुल भुक्तानी गरी छुट लिनुपर्नेमा जरिवाना तिरेको नियमसम्मत देखिएन रु.

| अनियमित भएको | १,९८,३१२ |
|---|---|

३६ **अनुगमन तथा भ्रमण**

मंगलसेन नगरपालिका कार्य संचालन निर्देशिका, २०८० को दफा १० मा जनप्रतिनिधिको दैनिक तथा भ्रमण भत्ता सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम तथा कर्मचारीहरूको दैनिक भ्रमण भत्ता संघीय कानुन बमोजिम हुने उल्लेख छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण भत्तामा रू.४२ लाख ६२ हजार ६८३ खर्च लेखेको छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा यस सम्बन्धमा देखिएका बेहोराहरू निम्न अनुसार छन् ।

• कार्यविधिको दफा १०(३) मा नगर प्रमुखले पालिका क्षेत्र बाहिर भ्रमण गर्नु परेमा कार्यपालिकाबाट भ्रमण आदेश स्वीकृत गराउनुपर्ने व्यवस्था गरेकोमा नगर प्रमुख श्री पदम बहादुर बोहरा पालिका क्षेत्र बाहिर भ्रमण गएको भ्रमण आदेश आफै स्वीकृत गरि गोभौ १०१, ३८७ लगायतबाट भ्रमण भत्ता भुक्तानी लिएकोमा कार्यपालिकाबाट समर्थन गराएको देखिएन।

• कार्यविधिको दफा १०(६) मा कार्यालयको कामको सिलसिलामा बास बस्ने गरी कार्यालयको रहेको स्थानबाट कम्तीमा १५ किलोमिटर बाहिरको क्षेत्रमा भ्रमण वा काजमा खटिएको अवस्थामा भ्रमण भत्ता पाउने व्यवस्था गरेकोमा प्रमाणित दूरी तथा बास बस्नुपर्ने अवस्थाको खुलासा बेगर पालिका भित्र विभिन्न वडाहरू, साँफेबगर, कमल बजार लगायतका एकै दिनमा पुगि फर्कन सकिने स्थानमा गएको जनाएको र संघ तथा प्रदेश सरकारसँग योजना माग तथा प्रदेश सरकारका विभिन्न निकाससँग छलफल तथा कार्यक्रममा काठमाडौं, नेपालगंज, बर्दिया तथा धनगढी गएको भनी पदाधिकारी तथा कर्मचारीहरूले भ्रमण भत्ता भुक्तानी लिने गरेको देखिन्छ ।

• कार्यविधिको दफा १०(७) मा भ्रमण खर्च सम्बन्धी फरफारक गर्न वा भुक्तानी माग गर्दा अनिवार्य रूपमा भ्रमण प्रतिवेदन कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था गरेकोमा पदाधिकारी तथा कर्मचारीले भ्रमण भत्ता भुक्तानीको विलसँग भ्रमणको स्पष्ट उद्धेश तथा उपलब्धि देखिने गरी प्रतिवेदन पेस तथा सोको अभिलेख राख्ने गरेको देखिएन ।

• कार्यविधिको दफा १०(८) मा सात दिन भन्दा बढी अवधिको लागि पदाधिकारी तथा कर्मचारी भ्रमण वा काजमा खटाउँदा सोको स्पष्ट कारण खोली आफूभन्दा एक तह माथिको अधिकारीबाट स्वीकृती लिनुपर्ने व्यवस्था गरेकोमा एक तह माथिको अधिकारीबाट स्वीकृत गर्ने गरेको देखिएन ।

• कार्यविधिको दफा १०(९) मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने व्यवस्था गरेकोमा गोभौ ४०२, ४६२, ४६४, ६१५ लगायतका भौचरहरूबाट अनुगमन तथा भ्रमणका लागि सवारी साधन रिजर्भ गर्ने गरेको देखियो ।

• कार्यविधिको दफा १०(१२) मा भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीको भ्रमण अभिलेख खाता कार्यालयले व्यवस्थित रूपमा राख्नुपर्ने व्यवस्था गरेकोमा कार्यालय भ्रमण अभिलेख खाता राखेकोमा सोमा सिलसिलेवार मिति हुने गरी भ्रमण अभिलेख दर्ता गर्ने नगरेको तथा मिति अघिपछि पर्ने गरी भ्रमण आदेश दर्ता गरी भ्रमण भत्ता भुक्तानी लिने गरेको देखिन्छ।

• कार्यविधिको दफा १०(१६) मा योजना अनुगमन गर्दा कम्तीमा ७५० शब्दको अनुगमन प्रतिवेदन तयार गरी पेस गर्नुपर्ने र उक्त प्रतिवेदन त्रैमासिक रूपमा कार्यपालिकामा पेस गरी छलफल गराउनुपर्ने व्यवस्था रहेकोमा अनुगमन प्रतिवेदनको अभिलेख राखी कार्यपालिकामा छलफल गराएको देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । साथै स्थानीय तहका पदाधिकारी सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ११ मा आफ्नो स्रोत तथा क्षमताका आधारमा कम हुन सक्ने गरी सभाले पदाधिकारी सुविधा निर्धारण गर्न सक्ने व्यवस्था छ । पालिकाको यो वर्षको कुल आन्तरिक आम्दानी रू.७९ लाख ९० हजार ७७१ रहेकोमा कुल आन्तरिक आयको तुलनामा ५३.३४ प्रतिशत रकम दैनिक भ्रमण भत्तामा खर्च गरेको देखिन्छ ।

अतः निर्देशिका तथा कानुनमा उल्लेख भए अनुसारको व्यवस्थाको पालना गरी भ्रमण खर्चलाई मितव्ययी तथा व्यवस्थित गर्नुपर्दछ ।

### ३७ आवास सुविधा

सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार निर्वाचित पदाधिकारीहरूलाई आवास सुविधा दिन पाउने देखिदैन । तर पालिकाले कार्य संचालन निर्देशका, २०८० को दफा ८ मा उप-प्रमुखलाई २ वेडरूम १ भान्छा आवास सुविधा उपलब्ध गराउन सकिने व्यवस्था गरी नगरपालिकाको वडा नं.५ मा रहेको तुलसी कुमारी केसीको घर मासिक

रू.१३५०० मा भाडामा लिई गोभौ ४४२ मिति २०८०।१२।०१ लगायतबाट रू.१६२००० खर्च लेखेको छ । प्रदेश कानुनमा व्यवस्था नभएको पदाधिकारी सुविधा कार्य संचालन निर्देशिकामा व्यवस्था गरी भुक्तानी दिएको नियमसम्मत देखिएन रू.

| | |
|---|---|
| अनियमित भएको | १,६२,००० |

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा कैलाश खोला करालीगाडा गोरेटो बाटो निर्माण, भट्टे मालिक पर्यटकीय पदमार्ग निर्माण तथा ठुलासेन कवासे सडक मर्मत लगायत २२ योजना सञ्चालन गरी यस वर्ष २०० जनालाई औसत १०० दिनले रोजगारी उपलब्ध गराई रू १०३८६००० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३९ **प्रशिक्षक भत्ता** (३५१-२०८१-३-१८):

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ मा सहायकस्तरको तालिममा कार्यपत्र वापत रू.७०० र कक्षा सञ्चालन वापत रू.६०० पाउने तर सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने उल्लेख छ। पालिकाले मिति २०८१।२।३० देखि २०८१।३।७ सम्म संचालित १० दिने मौसमी तथा बेमौसमी तरकारी खेती तालिम संचालन गर्दा पालिकाकै निम्न कर्मचारीलाई निर्देशिकामा उल्लेखित भन्दा बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ रू.

| प्रशिक्षकको पद र नाम | सेसन | दर | भुक्तानी रकम | बढी रकम (करकट्टी बाहेक) |
|---|---|---|---|---|
| कृषि अधिकृत सुष्मा ढुंगाना | १ | १६०० | १६०० | ७६५ |
| सहायक पाँचौ राम ब. बोहरा | २ | १५०० | ३००० | १३६० |
| सहायक पाँचौ कैलाश पुन | २ | १५०० | ३००० | १३६० |
| सहायक पाँचौ दिनेश वि.क. | ४ | १५०० | ६००० | २७२० |
| सहायक पाँचौ तर्क भुल | १ | १५०० | १५०० | ६८० |
| सहायक पाँचौ महादेव ढुंगाना | २ | १५०० | ३००० | १३६० |
| जम्मा | | | | ८२४५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,२४५ |

४० **प्रविधि हस्तान्तरण** (३४४-२०८१-३-१८):

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ४१(२) मा उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराइनेछ। उपलब्ध गराइने प्रविधिको कुल लागतको

कम्तीमा बीस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने व्यवस्था छ। पालिकाले गड्तोला ट्रेड एण्ड सप्लायर्स धनगढीबाट रू ३३१६५। ०० को दुना टपरी बनाउने डाई र इलमेन्ट खरिद गरी हरियाली दुना टपरी समुहलाई हस्तान्तरण गरेको छ । समुहले व्यहोर्नु पर्ने २० प्रतिशतले हुने रू ६६३३ कट्टा नगरेकोले उक्त रकम असुल हुनुपर्दछ रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६३३ |

४१ **लगत कट्टा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ। यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ। कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सूचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै श्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्ने जानकारी दिई नगरपालिकाले लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्न लाभग्राहीहरूको मृत्युपश्चात तथा बढी निकासा भएको सामाजिक सुरक्षा भत्ता असुल गर्नुपर्दछ रू.

| नाम | नागरिकता नम्बर | मृत्यु भएको मिति | वडानम्बर | बढी निकासा भएको रकम |
|---|---|---|---|---|
| धन सिंह बोगटी | ६९-०१-७३-०३८६३ | २०८१।२।१६ | २ | ५८६२ |
| धौरी भट्ट | ६९१०४६-११९१ | २०८०।६।३० | ७ | २४००० |
| रंगी दमाई | २८१५१ | २०८०।१०।६ | ७ | ११११९२ |
| रम्भा बोहरा | १।२८८७ | २०८०।९।१५ | ८ | २००० |
| रंगे बोहरा | ७८९१ | २०८०।७।१७ | ९ | ९७२९ |
| चन्द्र बहादुर रावल | ६९१०३९/१३७०७ | २०८०।८।२७ | ९ | ४४०० |
| जय बहादुर रावल | १/२५४५ | २०८१।२।७ | ९ | ७०६० |
| पदम सिंह रावल | १/२००३ | २०८०।९।१५ | ११ | २००० |
| चौठे दमाई | ६९१०४२-१९७७२ | २०८०।११।५ | १४ | ७३२५ |
| जम्मा | | | | ७३५३८।०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **२३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,५६८ |

४२ **लाभग्राही अद्यावधिक**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६(३) मा एक आर्थिक वर्षसम्म पनि बैङ्कबाट रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्ने योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले सम्बन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन। कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानबिन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ।

४३ **दिवा खाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरूका प्रति विद्यार्थी दैनिक रू १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ। पालिकाले विद्यार्थी संख्या सत्यापन नगरी यस वर्ष ६१ बालविकास तथा विद्यालयलाई दिवा खाजा वापत विद्यालयले उपलब्ध गराएको तथ्यांकको आधारमा रू. ८४३७१२५ भुक्तानी दिएको छ। विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

४४ **सामाजिक परीक्षण**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१० मा सामाजिक परीक्षण तथा लेखापरीक्षणको लागि अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था छ। पालिकाले यस वर्ष ११ विद्यालयलाई रू.१५ हजारका दरले र ३६ विद्यालयलाई रू.१० हजारका दरले रू.५२५००० निकासा दिएकोमा विद्यालयबाट सामाजिक लेखापरीक्षण सम्पन्न भएको प्रतिवेदन पालिकामा पेस भएको देखिएन। सामाजिक परीक्षण प्रतिवेदन पेस गर्नुपर्दछ रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२५,००० |

४५ **परीक्षा संचालन**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.३०२ मा शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षा मुल्यांकन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यक्रम अन्तर्गत कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणिकरण लगायतका कार्य वापत प्रति विद्यार्थी वार्षिक रू २७५ खर्च गर्न सक्ने उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा ८ मा ७९६ जना विद्यार्थी रहेको IEMIS बाट देखिन्छ। पालिकाले निम्न भौचरबाट कार्यान्वियन पुस्तिकामा उल्लेखित सीमाभन्दा बढी खर्च गरेको उक्त रकम असुल गर्नुपर्दछ रू.

| भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|
| २२७- ०८१।१।२ | अनुगमनमा गाडी भाडा | १०००० |
| २२९- ०८१।१।२ | उत्तरपुस्तिका छपाई | ६१०२० |
| २३०- ०८१।१।३ | प्रश्नपत्र छपाई | ४१२६७ |
| २४३- ०८१।१।२५ | परीक्षा संचालन तथा मुल्याकंन | १२२२८० |
| २६४- ०८१।२।८ | ग्रेड सिट छपाई | २४७५० |
| २६९- ०८१।२।१४ | परीक्षा व्यवस्थापन तथा मुल्याकंन | ३३१५० |
| जम्मा | | २९२४६७ |
| IEMIS बमोजिम ७९६ जनाको प्रति विद्यार्थी रू २७५ का दरले हुने रू | | २१८९०० |
| बढी निकासा रकम | | ७३५६७ |

| असुल गर्नुपर्ने | ७३,५६७ |
|---|---|

४६ **पाठ्यपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तीका २०८०।८१ को ३.१ मा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११ र १२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १ देखि १० का लागि तेस्रो त्रैमासिक भित्रमा पहिलो पटक कुल विद्यार्थी संख्याको ७५ प्रतिशत संख्याको हिसाब गरी अनुदान निकासा दिने उल्लेख छ। त्यसैगरी शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी विवरण, पाठ्यपुस्तक खरिद र वितरणको भरपाई लगायतका आधारमा विद्यार्थी संख्या यकिन गरी नपुग हुने रकम थप निकासा दिने व्यवस्था छ। अन्नपूर्ण मा.वि.को कक्षा १० मा ५१ जना विद्यार्थी रहेकोमा ६५ सेट पुस्तक प्रति सेट रू.९२४ र कक्षा ६ मा ५७ जना विद्यार्थी रहेकोमा ६५ सेट पुस्तक प्रति सेट रू.७०७ का दरले निकासा दिएकोले बढी निकासा दिएको रु.१८५९२ असुल गर्नुपर्दछ रू

| असुल गर्नुपर्ने | १८,५९२ |
|---|---|

४७ **अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम** (३२८/३७८-२०८१-३-१६):

परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ को परिच्छेद ४ मा परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता तथा निरन्तर शिक्षाका लागि हरेक सामुदायिक सिकाई केन्द्रलाई वार्षिक रू.२५०००० अनुदान उपलब्ध गराउने मापदण्डको व्यवस्था छ। उक्त मापदण्ड बमोजिम चालु शैक्षिक सत्रसहित गत शैक्षिक सत्रको शैक्षिक तथ्याङ्क भरी अनिवार्य रूपमा समयमै सम्बन्धित निकायमा पेश गर्नुपर्ने, शिक्षण संस्थाको सञ्चालन तथा व्यवस्थापन समिति गठन भएको हुनुपर्ने, भर्ना भएका बालबालिकको कम्तीमा पचहत्तर प्रतिशत नियमित उपस्थित भएको हुनुपर्ने, पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यसामाग्री समेतको प्रयोग गरेको हुनुपर्ने तथा शिक्षण संस्थाले सामाजिक परीक्षण गराएको हुनुपर्ने उल्लेख भएकोमा सो अनुरूप भएको देखिदैन। पालिकाले उपरोक्त मापदण्ड अनुसार केन्द्र संचालन भए नभएको अनुगमन गरी निम्न अनुसार बढी निकासा गरेको रकम असुल गर्नुपर्दछ रू.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | पाउने रकम | बढी निकासा |
|---|---|---|---|---|
| १ | श्री ठुलासेन सामुदायिक सिकाई केन्द्र | २७१५५० | २५०००० | २१५५० |
| २ | श्री मंगलसेन सामुदायिक सिकाई केन्द्र | २७१५५० | २५०००० | २१५५० |
| ३ | श्री मालिका सामुदायिक सिकाई केन्द्र | २७१५५० | २५०००० | २१५५० |
| ४ | श्री मोतिराम सामुदायिक सिकाई केन्द्र | २७१५५० | २५०००० | २१५५० |
| ५ | श्री सगरमाथा सामुदायिक सिकाई केन्द्र | २७१५५० | २५०००० | २१५५० |
| जम्मा | | १३५७७५० | १२५०००० | १०७७५०।०० |

| असुल गर्नुपर्ने | १,०७,७५० |
|---|---|

४८ **विपन्न लक्षित छात्रवृत्ति** (३८८-२०८१-३-२४):

विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम मापदण्ड, २०७८ को ६.४(च) मा विद्यालयले एकीकृत शैक्षिक सूचना प्रणालीमा भरिएको विद्यार्थीसँग सम्बन्धित विवरणमा फरक नपर्ने गरी तोकिएको बैङ्कमा खाता खोल्न लगाई प्रति विद्यार्थी रू.३७०० रकम जम्मा गर्नुपर्ने उल्लेख छ।

पालिकाले निम्न विद्यालयलाई निकासा गरेको विपन्न लक्षित छात्रवृत्ति बापतको रकम सम्बन्धित विद्यार्थीलाई बुझाएको देखिदैंन। मापदण्ड बमोजिम सम्बन्धित विद्यार्थीलाई छात्रवृत्ति वितरण नगरेको उक्त रकम असुल हुनुपर्दछ रू.

| विद्यालयको नाम | विद्यार्थी संख्या | दर | रकम |
|---|---|---|---|
| पार्वति मा.वि. | ६ | ३७०० | २२२००।०० |
| कुन्ति मा.वि. | १३ | ३७०० | ४८१००।०० |
| जम्मा | | | ७०३००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,३०० |

४९ **सेनिटरी प्याड** (२९८-२०८१-३-७):

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रूपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ६ भन्दा माथिका छात्रा २१८० जना रहेका छन । पालिकाले युनिग्लोब ड्रग सप्लायर्सबाट २१८३४४ थान सेनिटरी प्याड मु.अ.कर समेत रू.७४०१८६।१६ मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी १४७८२९ थान सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी ७०४५२ थान प्याड मौज्दातमा राखेको देखिन्छ। पालिकाले आवश्यकताको पहिचान नगरी आर्थिक वर्षको अन्त्यमा प्याडहरू खरिद गरी भण्डारण गरेको उचित देखिएन। खरिद गरेका प्याडहरु लामो समय भण्डारण हुदाँ गुणस्तरमा कमी आउने हुदाँ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र सेनिटरी प्याड खरिद गर्नुपर्दछ ।

५० **बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१६** को निर्णयले रू **१०१,७०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५१ **नगरपालिका शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थीको अनुपात हिमाल १:३०, पहाडमा 1:३५ र तराई तथा काठमाडौं उपत्यकामा 1:40 हुनुपर्ने र शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ को आधारमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक दरबन्दी अपुग भएमा जिल्लामा पुल दरबन्दीमा रहेका अन्य स्थानीय तहबाट मिलान गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष दरबन्दी मिलान नगरी स्वीकृत शिक्षक दरबन्दी अनुसारको पदपूर्ती भएको अवस्थामा समेत पालिकास्तरबाट नै तलब भत्ता उपलब्ध गराउने गरी विभिन्न ११ विद्यालयमा १६ जना नगर अनुदान शिक्षक नियुक्त गरी यो वर्ष रू. ६७ लाख ८५ हजार खर्च गरेको छ। पालिकाको आन्तरिक आय रू.७९ लाख ९१ हजार मात्र रहेकोमा दरबन्दी मिलान वेगर दीर्घकालीन दायित्व सिर्जना हुने गरी शिक्षक नियुक्ती गरी तलब भत्ता खर्च लेख्नु उचित देखिदैंन। पालिकाले वास्तविक शिक्षकको आवश्यकता पहिचान गरी दरबन्दी मिलानका थप प्रक्रियातर्फ पहल गरी वित्तीय हस्तान्तरणको रकमलाई विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

५२ **औषधिको लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने तथा लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपुर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग बाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिनु पर्ने उल्लेख छ । पालिकाले संघीय सरकार हस्तान्तरिततर्फ गोभौ १०६ मिति २०८०।७।१६ बाट रू. १६१०४८५ को ८४ प्रकारका औषधि खरिद गरी डेभिड मेडिसिन सप्लायर्स र पालिका चालूतर्फ गौभो ३८४ मिति २०८१।३।२३ बाट ३७ प्रकारका औषधि खरिद गरी सुविसु मेडिसिन सप्लायर्सलाई रू.११०२४४८ भुक्तानी दिएको औषधी खरिदको लगत अनुमान तयार नगरी ४ वटा फर्मसँग दररेट माग गरी खरिद गरेको पाइयो । लागत अनुमान तयार गर्दा पालिकाले विगत वर्षमा खरिद गरेको दर तथा जिल्ला अस्पताल तथा नजिकका जिल्लाका अन्य कार्यालयको दरलाई आधार लिई खरिद गर्ने अवस्था देखिएन । जसबाट कार्यालयले खरिद गरेको औषधि लागत अनुमान भन्दा घटी वा बढी दरमा खरिद गरेको भन्न् सकिने अवस्था रहेन । तसर्थ नियममा तोकिए बमोजिमको विधि प्रयोग गरी लागत अनुमान तयार गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

५३ **इम्प्लान्ट तालिम** (२१२-२०८०-१२-१६):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **११,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **११,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४ **औषधी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा, ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुल्ला रूपमा बोलपत्र आव्हान गरी गर्नु पर्नेछ र योग्य बोलपत्रदातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन विना भेदभाव अवसर प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष जम्मा रु ४०१७२४८ को औषधी खरिद गरेकोमा रु १३०४३१५ को बोलपत्रको माध्यमद्वारा र रु २७१२९३३ को सोझै खरिद गरेको छ। आर्थिक वर्ष २०८०।८१ को लागि आवश्यक १०३ प्रकारका औषधी खरिदका लागि २०८०।११।१६ मा बोलपत्र आव्हान गरी युनिग्लोब ड्रग सप्लायर्ससँग मिति २०८१।१।४ मा रू.१३०४३१५ को खरिद सम्झौता गरेको छ। उक्त सप्लायर्सले मिति २०८१।२।११ सम्ममा १०३ प्रकारका औषधी खरिद गरी गोभौ.४४ मिति २०८१।२।३२ बाट रू.१३०४३१५ भुक्तानी गरेको छ । तर निम्न मितिमा निम्न अनुसारको औषधि खरिद गर्दा प्रतिस्पर्धा मार्फत सम्झौता गरेकै फर्मबाट खरिद नगरी बोलपत्रमा उल्लेखित दर भन्दा बढी दरमा सुविसु मेडिसिन सप्लायर्सबाट मिति २०८१।३।२४ मा सोझै खरिद गरेकोले देहाय अनुसार रकम थप व्ययभार परेको छ । रू.

| क्र.सं. | औषधीको नाम | E- bid को दररेट | सोझै खरिद दररेट | परिमाण | बढी रकम |
|---|---|---|---|---|---|
| १ | Amlodipine 5 MG Tab | ०.३५ | ३.०० | ३४००० | ९०१०० |
| २ | Amoxicillin 500 MG Cap | ३.५० | ६.५० | ११००० | ३३००० |
| ३ | Amoxicillin 250 MG Cap | २.२५ | ४.०० | ५००० | ८७५० |
| ४ | Azithromycin 500 MG Tab | १०.५० | २२.५० | ४००० | ४८००० |
| ५ | BP Set | १३००.०० | २५०० | २० | २४००० |
| ६ | Paracetamol 500 MG Tab | ०.७२ | ०.९० | २०००० | ३६०० |
| ७ | Paracetamol Syrup 125MG/5ml | १४.०० | २७.०० | ४०० | ५२०० |
| जम्मा | | | | | २१२६५०।०० |

| अनियमित भएको | २,१२,६५० |
|---|---|

५५ **उत्तर प्रसूति घरभेट कार्यक्रम** (२३७-२०८१-१-१७):

आर्थिक वर्ष २०८०।८१ मा स्थानीय तहहरूबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरू संचालन सम्बन्धी मार्गदर्शनमा नर्सिङ्ग कर्मचारीले आ-आफ्नो कार्य क्षेत्रभित्र भएका सुत्केरीहरूको घरभेट दोस्रो (३ दिनमा) र तेस्रो (७-१४ दिनभित्र) घरमै गई जाँच गर्नुपर्ने उल्लेख छ। उक्त घरभेट गर्न जाँदा भौगोलिक विकटताका आधारमा रू २०० देखि रू ५०० सम्म यातायात खर्च उपलब्ध गराउनुपर्ने व्यवस्था अनुरूप पालिकाले रू ३०० यातायात खर्च गरेको देखिन्छ। पालिकाले २३ जना सुत्केरीलाई उत्तर प्रशुती घरभेटको यातायात खर्च वापत विभिन्न नर्सिङ्ग कर्मचारीलाई रू १३८०० भुक्तानी गरेकोमा मार्गदर्शनको अनुसूची बमोजिम आमा तथा शिशुको चेक जाँच गरेको मिति उल्लेख नहुँदा मार्गदर्शन बमोजिम उत्तर प्रशुती घरभेट जाँच भए नभएको सम्बन्धमा एकीन हुन सकेन । कार्यक्रम संचालन गरेको समयसमेत उल्लेख गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

५६ **समपुरक** (२४-२०८०-८-६):

सडक बोर्ड निर्देशिका, २०६१ को दफा ३२ मा सडक मर्मत सम्भार कार्यको लागि स्थानीय तहसँग साझेदारी गर्न सक्ने व्यवस्था अनुसार नगरपालिका अन्तर्गतको सडक मर्मत सम्भारका लागि सम्बन्धित नगरपालिकाले ३० प्रतिशत समपुरक कोषको रूपमा व्यहोर्नु पर्ने व्यवस्था छ । मंगलसेन मुख्य बजार देखि सन्निकोट सडक मर्मत कार्यको प्राविधिक मूल्याङ्कन रु.१४७१७४७।८१ कायम भएकोमा सडक बोर्डबाट प्राप्त रकमबाट ७० प्रतिशत रकम अर्थात् रु.१०३०२२३।४७ मात्र खर्च लेख्नुपर्नेमा रु.११७७३९८।२५ खर्च लेखेको हुँदा बढी खर्च लेखेको रकम रु.१४७१७४।५३ नगरपालिकाले सडक बोर्ड नेपालमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्दछ रु.

| प्रमाण पेश नगरेको | १,४७,१७४ |
|---|---|

५७ **अग्रीम कर**

आय कर ऐन, २०५८ को दफा ८८(५) मा बासिन्दा ब्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गोभौ ८१ मिति २०८१।३।२४ बाट अछाम जिल्ला खेलकुद विकास समितिको रु.२ लाख पेस्की फर्छ्यौट गर्दा गाडी भाडा वापत लाग्ने कर रु.१६१५८ कट्टा गरेको रकम दाखिला गरेको देखिएन । उक्त रकम संघीय संचितकोष दाखिला गर्नुपर्दछ रू.

| असुल गर्नुपर्ने | १६,१५८ |
|---|---|

५८ **साना सिंचाई**

स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा १४(६) मा प्रत्येक सिंचाई योजनाको लागि बढीमा १ लाख ५० हजार अनुदान दिन सकिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष प्रदेश हस्तान्तरित साना सिंचाई निर्माणका लागि देहायको कृषक समूहलाई १ लाख ५० हजार भन्दा बढी अनुदान दिएको नियमसम्मत देखिएन रु.

| गो.भौ.नं. | कृषक समूहको नाम | कामको विवरण | अनुदान दिएको | बढी अनुदान |
|---|---|---|---|---|
| ९-२०८१।१।२४ | गैरा हरियाली कृषक समूह | पोखरी निर्माण | १६०९५८ | १०९५८ |
| ९-२०८१।१।२४ | मंगलासैनी खुल्ली पटकानी कृषि तथा पशुपंक्षी कृषक समूह | पोखरी निर्माण | १८१४१७ | ३१४१७ |
| १८-२०८१।३।१६ | पिपल रुख डाँडागाउँ कृषक समूह | पोखरी निर्माण | १८९१६९ | ३९१६९ |
| जम्मा | | | | ८१५४४।०० |

| अनियमित भएको | ८१,५४४ |
|---|---|

५९ **विस्तृत परियोजना प्रतिवेदन**

पालिकासँग विगत तीन वर्षमा देखि तयार गरीएका विस्तृत परियोजना प्रतिवेदन र सोको कार्यान्वयनको अवस्थामा माग गरीएकोमा निम्न अनुसार विस्तृत परियोजना प्रतिवेदन गरेको विवरण प्राप्त भएको छ । साथै पालिकाले तयार गरेका परियोजना प्रतिवेदन मध्ये देहायका कुनै पनि प्रतिवेदन पालिकाको जिन्सीमा आम्दानी नबाधिएको, २ वटा लेखापरीक्षण अवधिसम्म कार्यान्वयनमा नगएको तथा २०८१। ८२ को वार्षिक बजेटमा समेत उक्त परियोजना प्रतिवेदन कार्यान्वयनको लागि बजेट सुनिश्चित भएको देखिएन । तसर्थ पालिकाले आफ्नो आन्तरिक स्रोतबाट कार्यान्वयन गर्न सकिने तथा बजेट सुनिश्चित भएको योजनाको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

| तयार गरेको आर्थिक वर्ष | योजनाको नाम | डिपीआर खर्च | योजनाको लागत | कार्यान्वयन अवस्था |
|---|---|---|---|---|
| २०७८।७९ | मंगलसेन नगरपालिका स्थित कैलाश खोला र चित्रे दोभान (बुदिगंगा नदि) को वडा न. २ र ३ क्षेत्रको विभिन्न घाटहरुबाट दिगो र वातावरण मैत्री रुपले ढुंगा, गिट्टी तथा बालुवा )नदिजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका लागि तयार पारिएको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन | ५ लाख | २२,३६,१२५ | नभएको |
| २०७९।८० | स्वास्थ्य चौकी भवन निर्माण | ५ लाख | १०५७८७५५ | भएको |
| २०७९।८० | खडखडे खानेपानी योजना, म.न.पा.-१४, अछाम | ५ लाख | १२३८०९५९ | भएको |
| २०७९।८० | जल उपयोग गुरुयोजना | १० लाख | - | नभएको |

६० **गुणस्तर व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ (ङ) बमोजिम सम्झौता कार्यान्वयनको क्रममा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । निर्माण कार्यहरूको विभिन्न स्वीकृत स्पेशिफिकेशनमा तोकिए बमोजिम खुला तथा सिलबन्दी गरी नमुना लिई सोको परीक्षण गराई गुणस्तर सम्बन्धमा आश्वस्त भए पश्चात् मात्र भुक्तानी गर्नुपर्दछ। नगरपालिकाले कुनैपनि निर्माण कार्यको गुणस्तर परीक्षण गराएको नपाइएको हुँदा निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा विश्वस्त हुन सकिएन । नगरपालिकाले निर्माण कार्यको गुणस्तर व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

६१ **स्वास्थ्य चौकी निर्माण**

स्वास्थ्य चौकी निर्माण ठेक्का नं. ५-२०७९।०८०, बस्ती स्वास्थ्य चौकी भवन निर्माणका लागि नगरपालिका र न्यू हिमाल निर्माण सेवा बीच २०८०।२।१५ सम्ममा निर्माण कार्यसम्पन्न गर्ने गरी २०७९।११।५ मा रू. ७७,३७,४४३।५१ मा सम्झौता गरेकोमा लेखापरीक्षणबाट देखिएका बेहोराहरू निम्न अनुसार छन् :

६१.१ (३४१-२०८१-३-२०):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बीजक भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले रंग रोगन कार्यको नापी गर्दा टायल लगाएको भित्ताको क्षेत्रफल २४.०८ वर्ग मिटर घटाई नापी गर्नुपर्नेमा सो नघटाउँदा रंगरोगन कार्यबापत प्रति वर्गमिटर रू.४०० का दरले रू.१००३२/- बढी भुक्तानी भएको रकम मूल्य अभिवृद्धि कर सहित असुल गर्नुपर्दछ रू.

| असुल गर्नुपर्ने | ११,३३५ |
|---|---|

६१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । सम्झौता बमोजिम तोकिएको अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकी नगर कार्यपालिकाको निर्णयानुसार २०८०।९।२९ सम्म म्याद थप भएको भएता पनि निर्माण व्यवसायीले २०८०।११।१० मा मात्र अन्तिम बिल भुक्तानीका लागि निवेदन पेस गरेकोमा खरिद सम्झौता तथा नियम अनुसार ३९ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति लिएको देखिएन । तसर्थ सम्झौता रकम रू.६८,६५,१२६.९४ को प्रति दिन ०.०५ प्रतिशतका दरले ३९ दिनको रू.१३३८७०/- पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ रू.

| असुल गर्नुपर्ने | १,३३,८७० |
|---|---|

६२ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल बीजक भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । क्याम्पसको भवन निर्माणका लागि अछाम बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदानबाट प्राप्त रु.1 करोड रुपैयाँ व्यहोर्ने र प्राविधिक मूल्याङ्कनका आधारमा नगरपालिकाले रु.५० लाख रुपैयाँसम्म खर्च व्यहोर्ने गरी क्याम्पस र नगरपालिका बीच समझदारी भएको देखियो । निर्माण कार्य सम्पन्न भए पश्चात् नगरपालिकाले गत वर्ष र यो वर्षमा गरी क्याम्पसलाई कुल रू.४४,२१,४१४।८६ भुक्तानी गरेको छ । निर्माण कार्यको प्राविधिक मूल्याङ्कन अनुसार कुल रू.१४१०६३०२।३४ कार्य भएकोमा नगरपालिकाले विश्वविद्यालय अनुदानको रु.१ करोड घटाई बाँकी हुने रू.४१०६३०२।३४ मात्र क्याम्पसलाई भुक्तानी गर्नुपर्नेमा ४ प्रतिशत कन्टिन्जेन्सीलाई समेतलाई कुल खर्चमा समावेश गरी रू.४४,२१,४१४।८६ भुक्तानी गर्दा रू.३१५११२/- बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ रू.

| असुल गर्नुपर्ने | ३,१५,११२ |
|---|---|

६३ **मूल्य समायोजन** (३२-२०८१-२-१६):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९(१) मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं. ४-२०७९।०८०, नगरपालिका केन्द्र जोड्ने कालोपत्रे सडक निर्माणका लागि स्वेता कौशिक जे.भि.सँग २०८१।२।१५ सम्ममा निर्माण कार्यसम्पन्न गर्ने गरी २०७९।१०।४ मा रु.५०१८७७८८/- मा सम्झौता गरेको छ । जसअनुसार खरिद सम्झौतामा मूल्य समायोजन गर्न सकिने कुरा उल्लेख नभएको अवस्थामा निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिन मिल्दैन । पालिकाले भौचर नं. ३२ मिति २०८१।२।१३ बाट मूल्य समायोजन बापत निर्माण व्यवसायीलाई यो वर्षसम्म रू.३,१२,७९१/- भुक्तानी दिएको पाइयो। खरिद सम्झौतामा मूल्य समायोजन दिन सकिने व्यवस्था उल्लेख नभएकोले मूल्य समायोजन बापत भुक्तानी भएको रकम असुल गर्नुपर्दछ रू.

| असुल गर्नुपर्ने | ३,१२,७९१ |
|---|---|

६४ **अधुरो निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ मा निर्माण व्यावसायीले काम शुरु नगरेमा, शुरु गरी बीचैमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले सम्झौता अन्त्य गर्नसक्ने र उपदफा ८ मा त्यसरी सम्झौता अन्त्य भएमा

सो काम बापत राखिएको पूरै जमानत जफत गरी बाँकी काम सम्पन्न लाग्ने रकम यकिन गरी असुल गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

६४.१ पालिकाले वंशिका निर्माण सेवासँग कैलाश बहुमुखी क्याम्पसको भौतिक पूर्वाधार निर्माण कार्य २०७८।३।१५ भित्र सम्पन्न गर्ने गरी २०७७।३।२९ मा रु.५९६७४७५ मा सम्झौता गरेको छ। सुरु सम्पन्न मिति भित्र निर्माण कार्य सम्पन्न नभएकोले २०७८।१०।३० सम्म म्याद थप भएकोमा रु. ३४५४३०३ मात्रको कार्य भई भुक्तानी भएको छ । सो पश्चात् निर्माण व्यवसायीबाट थप कार्य नभएकोले निर्माण कार्य अधुरो रहेको देखियो । साथै निर्माण व्यावसायीले पेस गरेको रु.१५२४०००/- को कार्य सम्पादन जमानतको म्याद २०७८।४।२९ मा समाप्त भएको र पेश्की फछ्यौंट हुन बाँकी रु.१०००००० को बैक जमानतको म्याद समेत २०२१ जनवरी १ मा समाप्त भएको देखियो । निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण कार्य नगरेको र निर्माण कार्य अधुरो छोडेको तथा म्याद थप समेत नभएकोले ऐनमा व्यवस्था भए बमोजिम सम्झौता अन्त्य गरी निजको कार्यसम्पादन जमानत र ब्याज सहित पेश्की जमानत समेत जफत गर्नुपर्दछ । साथै बाँकी काम गर्न लाग्ने रकम समेत यकिन गरी असुल गरी निजलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,२४,००० |

६४.२ पालिकाले नन्दामाता निर्माण सेवासँग डाँडागाउँ सिमसल्ली सडकको निर्माण कार्य २०७९।३।१५ भित्र सम्पन्न गर्ने गरी २०७८।१०।१६ मा रु.१७४६७७२ मा सम्झौता गरेको छ। सुरु सम्पन्न मिति भित्र निर्माण कार्य सम्पन्न नभएकोले २०८०।३।२५ सम्म म्याद थप भएकोमा रु.६६५७२३ मात्रको कार्य भई भुक्तानी भएको छ । सो पश्चात् निर्माण व्यवसायीबाट थप कार्य नभएकोले निर्माण कार्य अधुरो रहेको देखियो । साथै निर्माण व्यावसायीले पेस गरेको रु.१०२९६००/- को कार्य सम्पादन जमानतको म्याद २०७९।११।१६ मा समाप्त भएको र पेश्की फछ्यौंट हुन बाँकी रु.२७९००० को बैंक जमानतको म्याद समेत २०७९।३।२९ मा समाप्त भएको देखियो । निर्माण व्यवसायीले सम्झौता अनुसार निर्माण कार्य नगरेको र निर्माण कार्य अधुरो छोडेको तथा म्याद थप समेत नभएकोले ऐनमा व्यवस्था भए बमोजिम सम्झौता अन्त्य गरी निजको कार्यसम्पादन जमानत र ब्याज सहित पेश्की जमानत समेत जफत गर्नुपर्दछ । साथै बाँकी काम गर्न लाग्ने रकम समेत यकिन गरी असुल गरी निजलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउनुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,०८,६०० |

६५ **व्यवस्थापन खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धी व्यवस्था रहेको छ । उक्त नियम बमोजिम उपभोक्तालाई निर्माण कार्यसँग सम्बन्धित खर्च मात्र भुक्तानी गर्न सकिने देखिन्छ । नगरपालिकाले उपभोक्ता समितिबाट सम्पन्न हुने विभिन्न योजनाहरुमा कन्टिन्जेन्सी वापत लागत रकमको ४ प्रतिशतले हुने रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिएकोमा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरी पेस गरेको विलमा देहाय बमोजिम व्यवस्थापन खर्च समावेश गरेको देखियो । नगरपालिकाले कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी सकेपछी उपभोक्ता समितिले पुनः व्यवस्थापन खर्च लेखेकोले दोहोरो परेको व्यवस्थापन खर्च सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ रु.

| गो. भौ . नं . र मिति | उपभोक्ता समितिको नाम | व्यवस्थापन खर्च |
|---|---|---|
| नगरपालिका पूँजीगत तर्फ | | |
| १८०- २०८०।१२।१४ | कालिका मन्दिर घेरा पर्खाल निर्माण उ . स . , बहकटिया | १०००० |
| १८६- २०८०।१२।१५ | मडतपोल्ना खानेपानी योजना निर्माण उ . स . | २०००० |
| १९९- २०८०।१२।२६ | सिलाबाडा ठोलीबाडा खानेपानी योजना उ . स . | ४००० |
| २०२- २०८०।१२।२७ | बान्नातोली खानेपानी तथा सरसफाई योजना उ . स . | ४००० |
| २१८- २०८१।१।२ | कालिका मन्दिर घेरा पर्खाल निर्माण उ . स . | ३००० |
| २३२- २०८१।१।१२ | जुपु खौला जोड्ने सडक तथा खौलो निर्माण उ . स . | १०६३८ |
| २३५- २०८१।१।१२ | मुसाडी बलडाँडा खानेपानी मर्मत तथा सम्भार उ . स . | ८००० |
| २३९- २०८१।१।१६ | मंगलसैनी विद्यालय सडक गोरेटो बाटो निर्माण उ . स . | १०००० |
| २४३- २०८१।१।१७ | कालाखोला खेताडा खानेपानी मर्मत उ . स . | ५००० |
| २५१- २०८१।१।२३ | रातिमाटे खानेपानी मर्मत उ . स . | ५००० |
| २६०- २०८१।२।१ | भवल्किने खानेपानी मर्मत योजना उ . स . | ५००० |
| २९०- २०८१।२।३२ | मंगला ने . रा . मा . वि . | १४६०० |
| ३१७- २०८१।३।१७ | कुलदेवता कालिकादेवी मन्दिर निर्माण उ . स . | १०००० |
| ३१७- २०८१।३।१७ | छात्रावास तोलेन सडक निर्माण उ . स . | १२००० |
| | | |

| | | |
|---|---|---|
| ३४७- २०८१।३।२० | अनी खानेपानी उ . स . | ३००० |
| ३९२- २०८१।३।२४ | वडा भित्रका सडक सरसफाई उ . स . | १०००० |
| प्रदेश पुँजीगततर्फ | | |
| ९- २०८१।१।२४ | मंगलसैनी खुल्ली पटकानी कृषि तथा पशुपंक्षी कृषक समुह | ५००० |
| ९- २०८१।१।२४ | गैरा हरियाली कृषक समुह | ७००० |
| संघीय पुँजीगततर्फ | | |
| १५- २०८१।१०।८ | पुरानो कारागार खेलमैदान निर्माण उ . स . | १५००० |
| विविध तर्फ | | |
| २६- २०८०।८।६ | बल्डाडा कुकुरीपाटा सडक मर्मत उ . स . | ५००० |
| ५५- २०८१।३।३० | ठूलासेन सडक मर्मत उ . स . | १५००० |
| ५५- २०८१।३।३० | भट्टे लस्तीगाड सडक मर्मत उ . स . | १०००० |
| ५६- २०८१।३।३० | कानीखोला डाडिगडे साल्पाटा मर्मत उ . स . | १५००० |
| जम्मा | | २०६२३८।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०६,२३८ |

६६ **जग्गा खरिद** (१९३-२०८०-१२-२६):

यस प्रयोजनमा लागुसंघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१३ मिति २०७५।२।१३ को परिपत्रले स्थानीय तहको लागि जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐन, २०३४ ले तोकेको प्रकृया पूरा गरेर मात्र जग्गा खरिद गर्नुपर्दछ । नगरपालिकाले वडा नं. ५ मा खेल मैदानका लागि आवश्यक जग्गा खरिद गर्दा ऐनमा उल्लेख भए अनुसार प्रकृया पूरा नगरी न्यूनतम मूल्यांकन बमोजिमको मूल्यमा २०८०।१२।१८ मा राजीनामा लिखत पारित गरी ४५६.४६ वर्गमिटर जग्गा रू.६०२९५०/- मा खरिद गरेको देखियो । नगरपालिकाले मन्त्रालयको परिपत्र बमोजिम जग्गा प्राप्ति ऐन, २०३४ को प्रक्रिया पूरा नगरी जग्गा खरिद गरेको नियमसम्मत देखिएन ।

६७ **नगदी रसिद फिर्ता नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ तथा ५९ मा दैनिक तथा वार्षिक रूपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष छपाई गरेको नगदी रसिदहरूको रसिद नियन्त्रण खाता राखेकोमा उक्त नगदी रसिदहरू मध्ये मिति२०८०।०५।१५ मा जेसीबी चालक श्री तिलक कोईरालाले कार्यालयबाट बुझी लिएको १५९०१ देखि १५९५० सम्मको ११८ नं. रसिद ठेली लेखापरीक्षण अवधिसम्म पनि कार्यालयमा फिर्ता गरेको देखिएन । जसबाट उक्त

रसिदबाट आम्दानी भए नभएको तथा उक्त आम्दानी रकम पालिकाको राजस्व खातामा दाखिला भएको यकिन गर्न सकिएन । तसर्थ पालिकाले उक्त रसिदबाट प्राप्त भएको नगद आम्दानी र सोको बैंक दाखिला यकिन गरी हिसाब अद्यावधिक गर्नुपर्दछ ।

६८ **विभाज्य कोष**

नेपालको संविधान अनुसार खानी क्षेत्र बाहेक प्राकृतिक श्रोतको विक्री वितरण स्थानीय तह र प्रदेश सरकारको साझा क्षेत्राधिकारमा रहेको छ । सोही अनुसार बाँडफाँट हुने क्षेत्रको दर प्रदेश सरकारबाट निर्धारण हुने तथा स्थानीय तहले संकलन गरी विभाज्य कोषमा आम्दानी बाँध्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐन तथा प्रदेश आर्थिक ऐनले गरेको छ । पालिकाको राजस्व सुधार कार्य योजना २०७९।८० – २०८१।८२ अनुसार २०७९।८० देखि सुरू गरी २०८१ असार मसान्त भित्रमा विज्ञापन कर, स्टेल, ढुंगा, गिट्टी, बालुवा एबं माटोजन्य पदार्थको बिक्री लगायतबाट करिब रू.६५ लाख आम्दानी गरी विभाज्य कोषमा दाखिला तथा वाँडफाँट गर्ने लक्ष्य राखेकोमा यसमा हालसम्म संकलन कार्य सूरु गरेको देखिएन । तसर्थ पालिकाले राजस्व सुधार कार्य योजनाको कार्यान्वियन गरी आन्तरिक आयको दायरालाई फराकिलो बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

६९ **नदीजन्य पदार्थ तथा प्राकृतिक श्रोत**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको बिक्री गर्न सक्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण गराई ठेक्का व्यवस्थापन गरेको देखिएन। पालिका भित्रका उपभोक्ताले समिति ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको प्रयोग गरेकोमा ले व्यक्ति तथा निर्माण व्यवसायीबाट खरिद गरेको विल तथा भरपाई पेस गरेकोले उक्त स्रोत निःशुल्क प्रयोग भएको अवस्था देखिन्छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुमा प्रदेश कानुन बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलब्ध सामग्रीको अव्यवस्थित उत्खनन, संकलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।

७० **आयको क्षेत्र पहिचान**

स्थानीय सरकार संचालन ऐन, २०७५ को परिच्छेद ९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र विभिन्न कर शुल्क लगाउने तथा आय ठेक्का व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाको राजस्व सुधार कार्य योजना २०७९।८० – २०८१।८२ अनुसार २०८१ को असार मसान्त सम्ममा राजस्वको सम्भावित क्षेत्रको पहिचान गरी विभिन्न १५ शीर्षकबाट रू.२ करोड २१ लाख ९ हजार आय असुली गर्ने उल्लेख छ । तर पालिकाले आफ्नो आयको सबै स्रोतहरू जस्तैः सवारी साधन कर, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, ढुंगा गिट्टी बालुवाको बिक्री, पार्कीङ्ग शुल्क लगायतका करहरूको सम्भावित परिमाण, सङ्ख्या यकिन गरी दर निर्धारण तथा सभाबाट स्वीकृत गरी हुने आय यकिन गरेको छैन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान तथा असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरूको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायरामा ल्याउनु पर्दछ ।

७१ **सटर भाडा**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ बमोजिम नगरपालिकाले आफ्नो आफ्नो अधिकार क्षेत्रभित्र बहालकर लगाउन सक्ने व्यवस्था गरेको छ । पालिकाले २०७५ सालदेखि कृषि तथा पशु वस्तु बिक्री वितरण केन्द्र (हाटबजार) निर्माण गरी सटर भाडामा दिदै आएको छ । पालिकाले कृषि उतपादन विक्री वितरण गर्न प्रति सटर रू.२००० र मासु बिक्री वितरण गर्न प्रति सटर रू.२५०० का दरले २०७९।०४।०१ र २०८०।०४।१७ मा देहायका व्यवसायीसँग सटर भाडा सम्झौता गरेकोमा निम्न अनुसारका ब्यवसायीबाट निम्न रकम लेखापरीक्षण अवधि सम्म पनि असुल भएको देखिएन । उक्त रकममा नियमानुसार लाग्ने जरीवाना समेत हिसाब गरी असूल गर्नुपर्दछ ।

| क्र.सं. | सम्झौता मिति | व्यवसायीको नाम | विवरण | असुल हुन बाँकी भाडा रकम | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९।८० | २०८०।८१ | कुल जम्म |
| १ | २०७९।०४।०१ | रूपराज भाट | कोठा नं. ४ र १० को १२ महिनाको बाँकी रकम | ५४००० | | ५४००० |
| २ | २०७९।०४।०१ | पुष्प के.सी. | कोठा नं. ९ को १२ महिनाको बाँकी रकम | २५००० | | २५००० |
| ३ | २०७९।०४।०१ | पुष्प बोहरा | कोठा नं. ११ को १२ महिनाको बाँकी रकम | २५००० | | २५००० |
| ५ | २०८०।०४।१७ | रूपराज भाट | कोठा नं. ४ र १० को ७ महिनाको बाँकी रकम | | ३१५०० | ३१५०० |
| ६ | २०८०।०४।१७ | पुष्प के.सी. | कोठा नं. ९ को ६ महिनाको बाँकी रकम | | १५००० | १५००० |
| ७ | २०८०।०४।१७ | पुष्प बोहरा | कोठा नं. ११ को १२ महिनाको बाँकी रकम | | २५००० | २५००० |
| ८ | २०८०।०४।१७ | भोला प्रसाद चौधरी | कोठा नं. ६ र ७ को ७ महिनाको बाँकी रकम | | २८००० | २८००० |
| जम्मा | | | | १०४००० | ९९५०० | २०३५००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०३,५०० |

७२ **नक्सा पास**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ देखि दफा ३९ मा स्थानीय तह भित्र नक्सा पास नगरी घर टहार बनाउने नपाईने व्यवस्था छ । पालिका बाट प्राप्त तथ्यांक अनुसार पालिकाधित्र ५६०० घर रहेकोमा घर नक्सा पास कार्य भएको तथा सोको अभिलेखिकरण भएको पाईएन । ऐनमा तोकिए बमोजिम घर नक्सा पास गर्ने कार्य गर्नुपर्दछ ।

७३ **सामुदायिक वन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेस गरेको तथा वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत पालिकामा दाखिला गरेको देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ ।

७४ **फोहोरमैला व्यवस्थापन**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८(१,२ र ३) मा स्थानीय तहले फोहोरमैलाको परिमाण, तौल, प्रकृति तथा अन्य आधारमा शुल्क निर्धारण गरी आफै वा निजले तोकेको संस्था वा निकाय मार्फत सेवा शुल्क लगाई उठाउन सक्नेछ । त्यसैगरी दफा १८(४) मा फोहोरमैला व्यवस्थापनको जिम्मेवारी पाएको संस्था वा निकायले स्थानीय तहसँगको सहमतिको आधारमा सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्ने उल्लेख छ । पालिकाले गत विगतमा बजार क्षेत्रमा उत्सर्जन भएको फोहोर मैला निशुल्क संकलन गरी डम्पीङ्ग साईट विसर्जन तथा सोबाट ग्यास उत्पादन गरी केही घरहरूले प्रयोग समेत गरेकोमा हाल उक्त डम्पिङ्ग साईटको पाईपमा क्षति भएको कारण फोहोर संकलन गरी उक्त साईटमा फाल्ने कार्यमात्र हुदै आएको बेहोरा लेखापरीक्षणको क्रममा जनाएको छ । साथै अन्य घरहरूबाट उत्पादन हुने फोहोर मैला संकलन तथा विसर्जन गर्ने कार्य हालसम्म पालिकाले सुरु गरेको समेत देखिएन । तसर्थ पालिकाले फोहोर मैला व्यवस्थापन ऐनमा तोकिए बमोजिम शुल्क निर्धारण सहित फोहोर मैला संकलन तथा विसर्जन गर्ने तथा डम्पिङ्ग साईटको क्षति भएको पाईप मर्मत गरी फोहोर मैलाको दीर्घकालीन व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७५ **डोजर भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७५ को परिच्छेद ९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र विभिन्न कर शुल्क लगाउने तथा आय ठेक्का व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले डोजर तथा एक्साभेटर भाडामा दिन देहायका व्यवसायी तथा व्यक्तिसँग बकेट मात्र भएमा प्रति घन्टा रू.२००० र ब्रेकर सहित भएमा प्रति घन्टा रू.३००० का दरले भाडा सम्झौता गरेकोमा उक्त सम्झौताको शर्त नं. ५ मा कार्य समाप्त गरेको ६० दिन भित्र भाडा बापतको रकम पालिकामा बुझाउनु पर्ने अन्यथा उक्त भाडा रकममा प्रचलित बैक ब्याजदर अनुसार जरिबाना लाग्ने उल्लेख छ । तर देहायका व्यक्ति तथा व्यवसायीले पालिकासँग गरेको सम्झौता अनुसार निम्न अनुसारको रकम लेखापरीक्षण अवधि सम्म पनि असुल भएको देखिएन । उक्त रकममा नियमानुसार लाग्ने जरीवाना समेत हिसाब गरी असूल गर्नुपर्दछ ।

| क्र.सं. | सम्झौता मिति | ब्यवसायीको नाम | विवरण | भाडा रकम | बुझाएको रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | २०८०।०८।२४ | कश्यप निर्माण सेवा काडमाडौं | ब्रेकर सहित १५२ तथा बकेट मात्र २८३ घण्टा | १०२३८०० | ५००००० | ५२३८०० |
| २ | २०८१।०१।१७ | निरक भण्डारी | १५०.२ घण्टा | ३००४०० | ० | ३००४०० |
| ३ | २०८१।०२।१२ | मिन प्रसाद भण्डारी | ४४ घण्टा | ८८००० | १०००० | ७८००० |
| ५ | २०८०।१०।१३ | हेमराज ढुंगाना | १८ घण्टा | ३६००० | ० | ३६००० |
| जम्मा | | | | १४४८२००।०० | ५१००००।०० | ९३८२००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,३८,२०० |

७६ **आन्तरिक आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको छ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ तथा ५९ मा दैनिक तथा वार्षिक रूपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी स्रेस्ता राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०८० भदौ १७ गते सम्म साङ्ग्रीला सफ्टवेयरको प्रयोग गरी आय संकलन गरेकोमा सो पश्चात २०८० पौष २५ सम्म साङ्ग्रीला र सुत्र दुवै प्रणालीबाट साथै २०८० षौस २६ देखि असार मसान्त सम्म सुत्रको मात्र प्रयोग गरी आय संकलन गरेको देखियो । साथै पालिकाले नगदी रसिद छपाई समेतगरी राजस्व असुली गर्ने गरेकोमा नगदी तथा प्रणालीबाट असुल भएको सबै राजश्व आम्दानीको एकीकृत विवरण देखिने गरी दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सवै राजश्वको गोस्वारा भौचर (म.ले.प.फा. नं. १०३), राजस्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा. नं. १०४), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. हरू नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सवै राजस्व प्राप्त गरेको र प्राप्त सवै राजस्व वैङ्क दाखिला गरेको एकिन गर्न सकिएन । तसर्थ अनिवार्य रूपमा राख्नुपर्ने खाताहरूको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

७७ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेस गरेको विवरण अनुसार यो वर्ष रु.१ करोड २३ लाख ४५ हजार आन्तरिक आय प्राप्त हुने अनुमान गरेकोमा रु.७९ लाख ९० हजार ७७१ आन्तरिक आय आम्दानी भएको छ । जुन अनुमानको तुलनामा ६४.७३ प्रतिशत रहेकोले पालिकाको आय अनुमान यथार्थ परक भएको देखिएन । साथै पालिकाले ढुंगा,

गिट्टी, बालुवा लगायत प्राकृतिक श्रोतको बिक्री वितरण, एकीकृत सम्पत्ति कर लगायतमा आम्दानी शून्य देखाएकोले आयको अन्य स्रोत समेतको पहिचान गरी आय अनुमान यर्थाथपरक बनाउने तथा आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मंगलसेन नगरपालिका, अछाम , मंगलसेन नगरपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खकेन्द्र बहादुर सोडारी | २०७७-५-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विष्णु प्रसाद उपाध्याय | २०७६-१०-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८,२३६,६५३ | १,१५४,५०६ | ६७२,१७४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १०,०६३,३३३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४१८,०६५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,६४५,२६८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५५०७९५५३.४२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४१०८३८००० | चालु खर्च | ४२५८९७८८८.२ |
| प्रदेश सरकारबाट अनुदान | १९५७९००० | पूँजीगत खर्च | १०००१२९३५.५ |
| राजश्व बाँडफाँट | १०५९३४२२१.२ | वित्तीय/अन्य व्यवस्था | २००३७३०१०.५ |
| आन्तरिक आय | ८२६७७७१.१२ | | |
| अन्य आय | १७१०१६९६१.२ | | |
| कुल आय | ७१५६३५९५३.५२ | कुल खर्च | ७२६२८३८३४.२ |
| बाँकी मौज्दात | | ४४४३१६७२.७४ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।